THE BANKER BANK OF THE YEAR 2024 NEPAL

THE BANKER BANK OF THE YEAR 2025 NEPAL

Citizens Bank International Ltd.
सिटिजन्स बैंक इन्टरनेसनल लि.
YOUR PARTNER FOR PROGRESS

२०औं

वार्षिक प्रतिवेदन

आर्थिक वर्ष २०८२/८३

सञ्चालक समिति



प्रबल जंग पाण्डे
अध्यक्ष



प्रकाश चन्द्र मैनाली
संचालक
(सर्वसाधारण तर्फबाट)



दिग्विजय विष्ट
संचालक



अनिल ज्ञवाली
संचालक



डा. बिनोद आत्रेय
संचालक



डा. राजेन्द्र पण्डित
संचालक
(सर्वसाधारण तर्फबाट)



हिमा देवी खड्का के.सी.
संचालक
(सर्वसाधारण तर्फबाट)

लेखापरीक्षक
एम.आर.यू. एन्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

प्रमेश राज कायस्थ
प्रमुख वित्त अधिकृत / कम्पनी सचिव

विषय सूची

क्र.सं.	विषय	पृष्ठ संख्या
१.	२०औं वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना	१
२.	साधारण सभा सम्बन्धी अन्य जानकारी	२
३.	प्रतिनिधि (प्रोक्सी) फारम	३
४.	२०औं वार्षिक साधारण सभामा प्रस्तुत सञ्चालक समितिको प्रतिवेदन	५
५.	कम्पनी ऐन २०६३ को दफा १०९ उपदफा ४ अनुसारको अतिरिक्त विवरण	२१
६.	धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम २६ को उपनियम (२) सँग सम्बन्धी विवरण	२७
७.	लेखापरीक्षकको प्रतिवेदन	२९
८.	एकीकृत वित्तीय अवस्थाको विवरण (वासलात)	३६
९.	एकीकृत नाफा-नोक्सान विवरण	३७
१०.	एकीकृत अन्य विस्तृत आम्दानीको विवरण	३८
११.	एकीकृत नगद प्रवाह विवरण	३९
१२.	एकीकृत इक्विटीमा भएको परिवर्तनको विवरण	४१
१३.	प्रमुख लेखा नीतिहरू	४५
१४.	बैंकको वित्तीय विवरणहरूका अनुसूचीहरू	७०
१५.	खुलासा तथा थप टिप्पणीहरू	११४
१६.	नेपाल राष्ट्र बैंकबाट जारी एकीकृत निर्देशिका, २०८२ को निर्देशन नं २० बुँदा नं ९ सँग सम्बन्धी विवरण	१६१
१७.	नेपाल धितोपत्र बोर्डद्वारा जारी सूचीकृत सङ्गठित संस्थाहरूको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ को दफा २० (४) बमोजिम अनुपालना सम्बन्धी सारांश	१६१
१८.	ऋणपत्र जारी गर्दाको प्रक्षेपित विवरण र लेखापरीक्षण भएको विवरण बीचको तुलना	१६२
१९.	नेपाल राष्ट्र बैंकबाट प्राप्त लाभांश घोषणा र वितरण तथा वित्तीय विवरण प्रकाशन स्वीकृति पत्र	१६५
२०.	नेपाल राष्ट्र बैंकबाट प्राप्त स्वीकृति पत्रमा उल्लेखित निर्देशनहरू सम्बन्धमा बैंकको प्रतिक्रिया	१६५
२१.	बैंकको प्रबन्धपत्रमा गरिएको प्रस्तावित संशोधनको तीन महले	१६६
२२.	विभागीय प्रमुखहरूको विवरण	१६८
२३.	प्रदेश प्रबन्धक/शाखा प्रबन्धक/इन्चार्जहरूको विवरण	१६९



THE BANKER
BANK OF THE YEAR
2024
NEPAL

THE BANKER
BANK OF THE YEAR
2025
NEPAL

Citizens Bank
Your Partner For Progress

सिटिजन्स बैंक
इन्टरनेसनल लिमिटेड

01 5970068
Support@ctznbank.com
www.ctznbank.com

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड

नारायणहिटी पथ, काठमाण्डौं

को

२० औं वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना

मिति २०८३/०६/०६ गते बसेको सञ्चालक समितिको ५२२ औं बैठकले निर्णय गरे अनुसार यस बैंकको २० औं वार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

१. **सभा हुने मिति, स्थान र समय**

सभा हुने मिति :- २०८३ साल आश्विन महिना २८ गते (तदअनुसार अक्टोबर १४, २०२६) बुधबार।

स्थान :- अमृतभोग, कालिकास्थान, डिल्लीबजार, काठमाण्डौं।

सभा सुरु हुने समय :- बिहान ११:०० बजे।

२. **छलफलका विषयहरु :**

क. साधारण प्रस्तावहरु

१. आ.व. २०८२/८३ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८३ आषाढ मसान्तको बैंक तथा बैंकको सहायक कम्पनीहरु सहितको एकीकृत वासलात र मिति २०८२/०४/०१ देखि २०८३/०३/३२ सम्मको नाफा नोक्सानको हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरुमाथि छलफल गरी पारित गर्ने।

३. सञ्चालक समितिबाट प्रस्ताव गरे अनुसार साधारण शेयरधनीहरूलाई कर प्रयोजनार्थ चुक्ता पुँजीको ०.२० प्रतिशतका दरले हुन आउने रु. ३,१०,१४,९२७.२३ बराबरको नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने।

४. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०८३/८४ को लेखापरीक्षण गर्न लेखापरीक्षण समितिको सिफारिसमा लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।

ख. विशेष प्रस्तावहरु

१. सञ्चालक समितिबाट प्रस्ताव गरे अनुसार साधारण शेयरधनीहरूलाई चुक्ता पूँजीको ३.८० प्रतिशतका दरले हुन आउने रु. ५८,९२,८३,६१७.३४ बराबरको बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने।

२. बैंकको प्रबन्धपत्रमा संशोधन गर्ने।

(क) बैंकको जारी पूँजी तथा चुक्ता पूँजी बृद्धि गर्ने सम्बन्धमा।

३. बैंकको प्रबन्धपत्र संशोधन गर्न अनुमति लिनु पर्ने निकायहरुबाट प्राप्त हुन आउने निर्देशन बमोजिम थपघट लगायत आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने।

ग. विविध

साधारण सभा सम्बन्धी अन्य जानकारी

१. वार्षिक साधारण सभालाई ध्यानमा राखि मिति २०८३/०६/१९ गते १ दिन बैंकको शेयरधनी दर्ता किताब बन्द रहने छ। नेपाल स्टक एक्स्चेन्ज लिमिटेडमा २०८३/०६/१६ गतेसम्म कारोबार भई म्यादभित्र यस बैंकको शेयर रजिष्ट्रार सिटिजन्स क्यापिटल लिमिटेड, बाटुलेघर, डिल्लीवजार, काठमाडौंमा प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयरधनीदर्ता किताबमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन र बोनस शेयर तथा नगद लाभांश पाउने छन्।

२. वार्षिक साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले शेयर प्रमाणपत्र वा डिम्याट खाताको विवरण र आफ्नो परिचय खुल्ने प्रमाण वा सोको प्रतिलिपि अनिवार्य रुपमा साथमा लिई आउनु हुन अनुरोध छ।

३. शेयरधनी महानुभावहरुको उपस्थिति पुस्तिकामा दस्तखत गर्न शेयरधनी पुस्तिका विहान ९:०० बजे देखि खुल्ला गरिने छ।

४. साधारण सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी कानूनले तोकेको ढांचामा प्रतिनिधिपत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगाडि अर्थात् मिति २०८३/०६/२६ गते ११:०० बजेभित्र बैंकको मुख्य कार्यालय नारायणहिटी पथ, दरबारमार्गमा दर्ता गराई सक्नु पर्नेछ। बैंकको शेयरधनी बाहेक अरुलाई प्रोक्सी दिन र एकभन्दा बढी व्यक्तिलाई आफ्नो शेयर विभाजन गरी तथा अन्य कुनै किसिमबाट छुट्याई प्रोक्सी दिन पाइने छैन, यसरी दिइएको प्रोक्सी बदर हुनेछ।

५. प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनीले प्रतिनिधि फेरबदल गर्न चाहेमा यस अघि दिएको प्रतिनिधि (प्रोक्सी) बदर गरी यो प्रतिनिधि (प्रोक्सी)लाई मान्यता दिइयोस् भन्ने छुट्टै पत्र सहित प्रोक्सी फाराम बैंकको मुख्य कार्यालयमा सभा शुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगावै दर्ता गराएको अवस्थामा अघिल्लो प्रतिनिधिलाई स्वतः बदर भएको मानी पछिल्लो प्रतिनिधि (प्रोक्सी) लाई मान्यता दिइने छ। **प्रतिनिधि नियुक्त गरी सकेको शेयरधनी आफै सभामा उपस्थित भई हाजिर पुस्तिकामा दस्तखत गरेमा निजले दिएको प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ।**

६. बुँदा नं. १ मा उल्लेख गरे बमोजिम शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरु मात्र सो सभाबाट पारित बोनस शेयर र लाभांश रकमको हकदार हुनेछन्।

७. एकभन्दा बढी व्यक्तिहरुको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एकजनाले मात्र वा लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भाग लिन सक्ने छन्।

८. नाबालक शेयरधनीहरुको तर्फबाट बैंकको शेयर लगत दर्ता किताबमा संरक्षकको रुपमा नाम दर्ता भइरहेका महानुभावहरुले सभामा भाग लिन, मतदान गर्न वा प्रतिनिधि तोक्न सक्नु हुनेछ।

९. साधारण सभा सम्बन्धमा थप जानकारी आवश्यक परेमा कार्यालय समयभित्र बैंकको प्रधान कार्यालय नारायणहिटी पथ, काठमाण्डौंमा सम्पर्क राख्न समेत अनुरोध गरिन्छ।

१०. सुरक्षाको दृष्टिकोणले शेयरधनी महानुभावहरु सभा स्थलमा आउँदा झोला लगायतका वस्तुहरु नलिई आउनु हुन अनुरोध छ। आवश्यक देखिएमा सुरक्षाकर्मीले सुरक्षा जाँच गर्न सक्ने हुँदा सो कार्यमा सहयोग गरिदिनु हुन समेत अनुरोध गरिन्छ।

पुनश्चः कम्पनी ऐन २०६३ अनुसारको वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन शेयरधनी महानुभावहरुले कम्पनीको मुख्य कार्यालय नारायणहिटी पथ, काठमाण्डौं तथा यस बैंकको शेयर रजिष्ट्रार सिटिजन्स क्यापिटल लिमिटेड, बाटुलेघर, डिल्लीबजार, काठमाण्डौमा उपस्थित भई निरीक्षण गर्न र प्राप्त गर्न सक्ने व्यहोरा समेत जानकारीका लागि सूचित गरिन्छ। संक्षिप्त आर्थिक विवरण लगायत वार्षिक साधारण सभामा पेश हुने सम्पूर्ण प्रस्तावहरु बैंकको Website: www.ctznbank.com मा पनि हेर्न सक्नुहुनेछ।

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

प्रतिनिधि (प्रोक्सी) फारम

श्री सञ्चालक समिति,
सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड,
नारायणहिटी पथ, दरबारमार्ग, काठमाण्डौं।

विषय : प्रतिनिधि नियुक्त गरेको बारे।

महाशय,

..... जिल्ला ..... म.न.पा./उप.म.न.पा/न.पा./गा.पा. वडा नं. ..... बस्ने म/हामी ..... ले त्यस कम्पनीको शेयरधनीको हैसियतले २०८३ साल आश्विन महिना २८ गते बुधबारका दिन हुने २० (बीस) औं वार्षिक साधारण सभामा म/हामी स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकाले उक्त सभामा मेरो/हाम्रो तर्फबाट भाग लिन तथा मतदान गर्नका लागि ..... जिल्ला ..... म.न.पा./उप.म.न.पा/न.पा./गा.पा. वडा नं. ..... बस्ने त्यस कम्पनीका शेयरधनी श्री .... लाई मेरो/हाम्रो प्रतिनिधि नियुक्त गरी पठाएको छु/पठाएका छौं।

प्रतिनिधि नियुक्त भएको व्यक्तिको:

हस्ताक्षरको नमुना :
शेयर प्रमाणपत्र/ डिम्याट खाता नं.:
नागरिकताको प्रमाणपत्र नं.:

निवेदक

दस्तखत :
नाम, थर :
ठेगाना :
डिम्याट खाता नं. :
शेयरधनी परिचय नं. :
संस्थापक शेयर कित्ता:
साधारण शेयर कित्ता:
जम्मा शेयर संख्या:
मिति :

प्रवेश पत्र

शेयरधनीको नाम ..... डिम्याट खाता नं. ..... शेयरधनी परिचय नं. .....
शेयरधनीको सही ..... शेयर संख्या .....
सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको मिति २०८३ साल आश्विन २८ गते बुधबारका दिन हुने २०औं वार्षिक साधारण सभामा उपस्थित हुन जारी गरिएको प्रवेश-पत्र।

..... शेयरधनीको हस्ताक्षर

..... कम्पनी सचिव

द्रष्टव्य :यो निबेदन साधारण सभा हुनु भन्दा कम्तिमा ४८ घण्टा अगावै केन्द्रिय कार्यालयमा पेश गरिसक्नु पर्नेछ। एकभन्दा बढि प्रोक्सीको नाम उल्लेख गरेमा प्रोक्सी फारम रद्द गरिनेछ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको

सञ्चालक समितिको वार्षिक प्रतिवेदन

आर्थिक वर्ष २०८२/८३

आदरणीय शेयरधनी महानुभावहरू,

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको २०औं वार्षिक साधारण सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरूलाई सञ्चालक समितिको तर्फबाट म हार्दिक स्वागत गर्दछु। यस अवसरमा म २०८३ आषाढ मसान्तको बैंक तथा बैंकको सहायक कम्पनीहरू समेतको आर्थिक वर्ष २०८२/८३ को एकीकृत वासलात, एकीकृत नाफा-नोक्सान हिसाब, एकीकृत अन्य विस्तृत आम्दानीको विवरण, एकीकृत नगद प्रवाह विवरण तथा अन्य सम्पूर्ण वित्तीय विवरणहरू सभाको स्वीकृतिका लागि प्रस्तुत गर्दछु। यस सम्मानित सभामा म सञ्चालक समितिको तर्फबाट आर्थिक तथा बैंकिङ्ग क्षेत्रको परिसूचक प्रस्तुत गर्दै बैंकको गत आर्थिक वर्षको कार्यको समीक्षा तथा भावी कार्यक्रमहरू प्रस्तुत गर्दछु।

१. आर्थिक तथा बैंकिङ्ग क्षेत्रका परिसूचकहरू

कुल गार्हस्थ्य उत्पादन

आर्थिक वर्ष २०८२/८३ मा कुल गार्हस्थ्य उत्पादन वृद्धिदर ३.८५ प्रतिशत रहेको राष्ट्रिय तथ्याङ्क कार्यालयको अनुमान रहेको छ। अघिल्लो आर्थिक वर्ष यस्तो वृद्धिदर ४.६१ प्रतिशत रहेको थियो। समीक्षा वर्षमा कृषि क्षेत्रको वृद्धि १.५८ प्रतिशत, उद्योग क्षेत्रको ५.६७ प्रतिशत तथा सेवा क्षेत्रको ४.२१ प्रतिशत वृद्धि रहेको अनुमान छ। अघिल्लो वर्ष कृषि, उद्योग तथा सेवा क्षेत्रको उत्पादन क्रमशः ३.२८ प्रतिशत, ४.५३ प्रतिशत र ४.२१ प्रतिशतले वृद्धि भएको थियो। समीक्षा वर्षमा औद्योगिक क्षेत्रको उत्पादन १४.१६ प्रतिशत, सेवा क्षेत्रको उत्पादन ६१.८१ प्रतिशत र कृषि क्षेत्रको उत्पादन २४.०३ प्रतिशत रहेको छ। अघिल्लो वर्षमा औद्योगिक क्षेत्रको उत्पादन १२.८३ प्रतिशत, सेवा क्षेत्रको उत्पादन ६२.०१ प्रतिशत र कृषि क्षेत्रको उत्पादन २५.१६ प्रतिशत रहेको थियो।

वैदेशिक व्यापार

आर्थिक वर्ष २०८२/८३ मा कुल वस्तु निर्यातमा १३.८ प्रतिशतले वृद्धि भई रु.३१५ अर्ब २९ करोड कायम भएको छ। अघिल्लो वर्ष यस्तो निर्यातमा ८१.८ प्रतिशतले वृद्धि भएको थियो। समीक्षा वर्षमा भारत र अन्य मुलुकतर्फको निर्यात क्रमशः १५.१ प्रतिशत र १०.१ प्रतिशतले वृद्धि भएको छ भने चीनतर्फको निर्यातमा २८.० प्रतिशतले कमी आएको छ। वस्तुगत आधारमा भटमासको तेल, पाम तेल, अलैंची, जुटका सामान, चाउचाउ लगायतका वस्तुको निर्यात बढेको छ भने जिङ्क सिट, पार्टिकल बोर्ड, चिया, ऊनी गलैंचा, हस्तकलाका सामान तथा अन्य हस्तकला लगायतका वस्तुको निर्यात घटेको छ।

समीक्षा वर्ष २०८२/८३ मा कुल वस्तु आयातमा १६.२ प्रतिशतले वृद्धि भई रु. २०९६ अर्ब ३८ करोड कायम भएको छ। अघिल्लो वर्ष यस्तो आयात १३.३ प्रतिशतले वृद्धि भएको थियो। समीक्षा वर्षमा भारत, चीन र अन्य मुलुकबाट भएको आयात क्रमशः १३.० प्रतिशत, २४.७ प्रतिशत र १७.५ प्रतिशतले वृद्धि भएको छ। वस्तुगत आधारमा पेट्रोलियम पदार्थ, चाँदी, यातायातका उपकरण, सवारी साधन तथा स्पेयर पार्टस्, रासायनिक मल, अन्य मेशिनरी तथा पार्टस् लगायतका वस्तुको आयात बढेको छ भने खाने तेल, हट रोल्ड शिट इन क्वाइल, लसुन, अलकत्रा, एम.एस.बिलेटलगायतका वस्तुको आयात घटेको छ।

समीक्षा वर्षमा कुल वस्तु व्यापार घाटा १६.६ प्रतिशतले वृद्धि भई रु.१७८१ अर्ब ९ करोड कायम भएको छ। अघिल्लो वर्ष यस्तो घाटा ६.० प्रतिशतले घटेको थियो। समीक्षा वर्षमा निर्यात-आयात अनुपात १५.० प्रतिशत रहेको छ। अघिल्लो वर्ष यस्तो अनुपात १५.४ प्रतिशत रहेको थियो।

चालु खाता, शोधनान्तर तथा विप्रेषणको स्थिति

आर्थिक वर्ष २०८२/८३ मा चालु खाता रु.९२३ अर्ब ५६ करोडले बचतमा रहेको छ। अघिल्लो वर्ष चालु खाता रु.४०९ अर्ब ८४ करोडले बचतमा रहेको थियो। अमेरिकी डलरमा अघिल्लो वर्ष ३ अर्ब १ करोडले बचतमा रहेको चालु खाता समीक्षा वर्षमा ६ अर्ब ३३ करोडले बचतमा रहेको छ।

समीक्षा वर्षमा खुद पुँजीगत ट्रान्सफर रु.१८ अर्ब ५० करोड रहेको छ। अघिल्लो वर्षमा यस्तो ट्रान्सफर रु.९ अर्ब ८४ करोड रहेको थियो। यसैगरी, समीक्षा वर्षमा प्रत्यक्ष वैदेशिक लगानी (इक्विटी मात्र) रु.२८ अर्ब ४९ करोड भित्रिएको छ। अघिल्लो वर्ष यस्तो प्रत्यक्ष वैदेशिक लगानी (इक्विटी मात्र) रु.१२ अर्ब २ करोड रहेको थियो।

समीक्षा वर्षमा शोधनान्तर स्थिति रु.१०२७ अर्ब ४ करोडले बचतमा रहेको छ। अघिल्लो वर्ष शोधनान्तर स्थिति रु.५९४ अर्ब ५४ करोडले बचतमा रहेको थियो। अमेरिकी डलरमा अघिल्लो वर्ष ४ अर्ब ३७ करोडले बचतमा रहेको शोधनान्तर स्थिति समीक्षा वर्षमा ७ अर्ब ५ करोडले बचतमा रहेको छ।

आर्थिक वर्ष २०८२/८३ मा विप्रेषण आप्रवाह ३७.१ प्रतिशतले वृद्धि भई रु.२३६३ अर्ब १३ करोड पुगेको छ। अघिल्लो वर्ष विप्रेषण आप्रवाह १९.२ प्रतिशतले बढेको थियो। २०८३ आषाढ महिनामा विप्रेषण आप्रवाह रु.२४२ अर्ब ३३ करोड रहेको छ। अघिल्लो वर्षको सोही महिनामा विप्रेषण आप्रवाह रु.१८९ अर्ब ११ करोड रहेको थियो।

समीक्षा वर्षमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको सङ्ख्या ४०६,५१९ र पुनः श्रम स्वीकृति लिनेको सङ्ख्या ३८५,७८३ रहेको छ। अघिल्लो वर्ष यस्तो सङ्ख्या क्रमशः ५०५,९५७ र ३३३,३०९ रहेको थियो।

ब्याजदर

२०८२ आषाढमा ९१-दिने ट्रेजरी बिलको भारित औसत ब्याजदर २.९५ प्रतिशत रहेकोमा २०८३ आषाढमा २.३२ प्रतिशत रहेको छ। बैंक तथा वित्तीय संस्थाहरूबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर २०८२ आषाढमा २.९६ प्रतिशत रहेकोमा २०८३ आषाढमा २.७५ प्रतिशत रहेको छ। वाणिज्य बैंकहरुको औसत आधार दर २०८२ आषाढमा ६.०२ प्रतिशत रहेकोमा २०८३ आषाढमा ४.८३ प्रतिशत कायम भएको छ। २०८३ आषाढमा वाणिज्य बैंकहरुको निक्षेपको भारित औसत ब्याजदर ३.२१ प्रतिशत र कर्जाको भारित औसत ब्याजदर ७.८५ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही महिनामा यस्ता दरहरु क्रमशः ४.१९ प्रतिशत र ७.८५ प्रतिशत रहेका थिए।

निक्षेप परिचालन

समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप १३.९ प्रतिशत (रु.१०१३ अर्ब ५ करोड) ले वृद्धि भई रु.८२७६ अर्ब ९३ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो निक्षेप १२.६ प्रतिशत (रु.८११ अर्ब ४९ करोड) ले बढेको थियो। समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरूको कुल निक्षेपमा चल्ती, बचत र मुद्दती निक्षेपको अंश क्रमशः ८.१ प्रतिशत, ४७.० प्रतिशत र ३५.३ प्रतिशत रहेको छ। अघिल्लो वर्ष यस्तो अंश क्रमशः ७.१ प्रतिशत, ३६.८ प्रतिशत र ४८.३ प्रतिशत रहेको थियो।

कर्जा तथा सापट

समीक्षा वर्ष २०८२/८३ मा बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रमा प्रवाहित कर्जा ६.५ प्रतिशतले बढेको छ। अघिल्लो वर्ष यस्तो कर्जा ८.४ प्रतिशतले बढेको थियो। निजी क्षेत्रतर्फ प्रवाहित कर्जामध्ये वाणिज्य बैंकहरूको कर्जा प्रवाह ६.५ प्रतिशतले, विकास बैंकहरूको कर्जा प्रवाह ७.० प्रतिशतले र वित्त कम्पनीहरूको कर्जा प्रवाह ५.४ प्रतिशतले बढेको छ।

समीक्षा वर्ष २०८२/८३ मा बैंक तथा वित्तीय संस्थाहरूको लगानीमा रहेको कर्जामध्ये निर्माण क्षेत्रतर्फको कर्जा १८.६ प्रतिशत, उपभोग्य क्षेत्रतर्फको कर्जा १७.८ प्रतिशत, यातायात, सञ्चार तथा सार्वजनिक सेवा क्षेत्रतर्फको कर्जा १५.० प्रतिशत, औद्योगिक उत्पादन क्षेत्रतर्फको कर्जा ५.२ प्रतिशत, वित्त, बीमा तथा अचल सम्पत्ति क्षेत्रतर्फको कर्जा ५.० प्रतिशत, र सेवा उद्योग क्षेत्रतर्फको कर्जा ४.४ प्रतिशतले बढेको छ भने कृषि क्षेत्रतर्फको कर्जा १.८ प्रतिशतले घटेको छ।

समीक्षा वर्ष २०८२/८३ मा बैंक तथा वित्तीय संस्थाहरूको लगानीमा रहिरहेको कर्जामध्ये ६२.९ प्रतिशत कर्जा घर जग्गाको धितोमा र १५.१ प्रतिशत कर्जा चालु सम्पत्ति (कृषि तथा गैर-कृषिजन्य वस्तु) को धितोमा प्रवाह भएको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो धितोमा प्रवाहित कर्जाको अनुपात क्रमशः ६४.७ प्रतिशत र १४.५ प्रतिशत रहेको थियो।

समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरूबाट प्रवाहित कर्जामध्ये ट्रष्ट रिसिट (आयात) कर्जा ३२.२ प्रतिशत, मार्जिन प्रकृतिको कर्जा १८.३ प्रतिशत, हायर पर्चेज कर्जा ११.१ प्रतिशत, माग तथा अन्य चालु पुँजी कर्जा ७.३ प्रतिशत, रियल स्टेट कर्जा (व्यक्तिगत आवासीय घर कर्जासमेत) ६.९ प्रतिशत, अधिविकर्ष कर्जा ५.२ प्रतिशत र आवधिक कर्जा ४.३ प्रतिशतले बढेको छ भने क्यास क्रेडिट कर्जा १.८ प्रतिशतले घटेको छ।

विश्व अर्थतन्त्रको प्रभावका सन्दर्भमा

आर्थिक वर्ष २०८२/८३ मा विश्व अर्थतन्त्रमा केही सुधार देखिए तापनि त्यसको गति अझै सुस्त र असन्तुलित नै रहेको छ। विकसित राष्ट्रहरूमा उपभोग, रोजगारी तथा मुद्रास्फीतिको अवस्था कोभिडपूर्वको स्तरमा फर्किदै गए पनि धेरै उदीयमान तथा विकासोन्मुख अर्थतन्त्रहरूले अझै स्थायीत्व पाउन सकेका छैनन्। उच्च ब्याजदर, भू-राजनीतिक तनाव, र आपूर्ति प्रणालीमा देखिएका अवरोधहरूले ती अर्थतन्त्रहरूमा अनिश्चितता थपेका छन्।

यी विश्वव्यापी प्रवृत्तिहरूको प्रभाव नेपाली अर्थतन्त्रमा पनि परिरहेको छ। नेपालको बैंकिङ्ग प्रणालीमा तरलता अपेक्षाकृत सहज भए पनि कर्जा प्रवाह भने अझै सन्तोषजनक रुपमा वृद्धि हुन सकेको छैन।

२. विगत वर्षको बैंकको कारोबारको सिंहावलोकन

आर्थिक वर्ष २०८२/८३ को वित्तीय विवरण Nepal Financial Reporting Standard (NFRS) बमोजिमको सर्वमान्य लेखाको सिद्धान्तका आधारमा तयार गरिएको छ। समीक्षा अवधि र अघिल्लो आर्थिक वर्ष २०८१/८२ को वित्तीय विवरण अनुसार यस बैंकको वित्तीय स्थितिको तुलनात्मक अवस्था देहाय बमोजिम रहेको छ :


(रु. हजारमा)


अनुपातहरू	आर्थिक वर्ष २०८२/८३	आर्थिक वर्ष २०८१/८२	वृद्धि/(ह्रास)
प्राथमिक पूँजी कोषको (Tier 1) पर्याप्तता	९.२८%	८.९५%	०.३३%
पूँजी कोषको पर्याप्तता	१२.५२%	१२.४७%	०.०५%
वासलात	**आर्थिक वर्ष २०८२/८३**	**आर्थिक वर्ष २०८१/८२**	**वृद्धि/(ह्रास)**
कुल सम्पत्ति	२६८,८००,८७९	२४५,३८२,९६६	९.५४%
निक्षेप	२३३,८१७,८२६	२१४,०८१,९५२	९.२२%
कर्जा सापटीहरू	१७७,३३२,२५६	१७५,१६०,४८४	१.२४%
लगानीहरू - धितोपत्र तथा शेयरहरू	५९,२६४,८५८	४३,५२५,२६३	३६.१६%
जगेडा तथा कोषहरू	९,४८४,८५५	८,१७८,७०१	१५.९७%
नाफा – नोक्सान हिसाब	**आर्थिक वर्ष २०८२/८३**	**आर्थिक वर्ष २०८१/८२**	**वृद्धि/(ह्रास)**
खुद ब्याज आम्दानी	६,३१९,४९३	६,४१५,४०७	-१.५०%
गैह्र ब्याज आम्दानी	२,२६०,५७३	१,९४३,६४७	१६.३१%
सञ्चालन खर्च	४,१०८,४६८	३,६७२,८०९	११.८६%
सञ्चालन मुनाफा	३,७३६,६८७	१,९८६,९१८	८८.०६%
खुद मुनाफा	२,१९९,२७५	१,२८७,०७५	७०.८७%

पूँजी संरचना : आ.व २०८१/८२ को अन्त्यमा बैंकको चुक्ता पूँजी रु. १४ अर्ब ७६ करोड ९० लाख १२ हजार ९ सय ६६ कायम रहेकोमा बोनस शेयर निष्काशन बापत रु. ७३ करोड ८४ लाख ५० हजार ६ सय ४८ थप गरि आ.व २०८२/८३ को अन्त्यमा बैंकको चुक्ता पूँजी रु. १५ अर्ब ५० करोड ७४ लाख ६३ हजार ६ सय १४ कायम रहेको छ।


पूँजी कोष पर्याप्तता : आर्थिक वर्ष २०८१/८२ को अन्त्यमा पूँजी कोष अनुपात १२.४७ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०८२/८३ को अन्त्यमा उक्त अनुपात १२.५२ प्रतिशत रहेको छ।

कुल सम्पत्ति : आर्थिक वर्ष २०८१/८२ को अन्त्यमा कुल सम्पत्ति रु. २४५ अर्ब ३८ करोड २९ लाख ६६ हजार रहेकोमा आ.व. २०८२/८३ को अन्त्यमा ९.५४ प्रतिशतले वृद्धि भई रु. २६८ अर्ब ८० करोड ८ लाख ७९ हजार पुगेको छ।






निक्षेप संकलन : आ.व. २०८१/८२ मा बैंकले कुल रु. २१४ अर्ब ८ करोड १९ लाख ५२ हजार निक्षेप परिचालन गरेकोमा आ.व. २०८२/८३ मा ९.२२ प्रतिशतले वृद्धि भई रु. २३३ अर्ब ८१ करोड ७८ लाख २६ हजार पुगेको छ , जसमध्ये ग्राहकहरूको निक्षेप रु. २३१ अर्ब ७३ करोड १२ लाख ३६ हजार रहेको छ भने बैंक तथा वित्तीय संस्थाको निक्षेप रु. २ अर्ब ८ करोड ६५ लाख ८९ हजार रहेको छ। बैंकको कुल निक्षेपमा चल्ती निक्षेपको अंश ८.४८ प्रतिशत, बचत निक्षेपको अंश ४६.१४ प्रतिशत, मुद्दती निक्षेपको अंश ३६.०२ प्रतिशत, मागेको बखत तिर्नुपर्ने निक्षेपको अंश ८.८१ प्रतिशत र बाँकी अन्य निक्षेप रहेको छ।




कर्जा र सापटीहरू : कर्जा र सापटीहरूतर्फ बैंकले आ.व. २०८१/८२ मा रु. १७५ अर्ब १६ करोड ४ लाख ८४ हजार प्रवाह गरेकोमा आ.व. २०८२/८३ मा १.२४ प्रतिशतले वृद्धि भई रु. १७७ अर्ब ३३ करोड २२ लाख ५६ हजार पुगेको छ ,जसमध्ये रु. १ खर्ब ७६ अर्ब १३ करोड ८५ लाख ४५ हजार सर्वसाधारणहरूलाई र रु. १ अर्ब १९ करोड ३७ लाख ९ हजार बैंक तथा वित्तीय संस्थाहरूलाई कर्जा प्रवाह गरेको छ। आर्थिक वर्ष २०८२/८३ मा गरिएको कुल कर्जा सापटी मध्ये आवधिक कर्जामा ५०.१२ प्रतिशत, डिमाण्ड तथा चालु पूँजी कर्जामा १०.०४ प्रतिशत, हाउजिङ्ग क्षेत्रमा ६.६८ प्रतिशत, विपन्न वर्ग लक्षित कर्जामा ५.०५ प्रतिशत, मार्जिन लेन्डिङ्गमा ३.३४ प्रतिशत, हायर पर्चेज कर्जामा २.७१ प्रतिशत, अधिविकर्ष कर्जामा २.१८ प्रतिशत, रियल स्टेट क्षेत्रमा १.९० प्रतिशत, तथा अन्य कर्जामा १७.९८ प्रतिशत लगानी रहेको छ। आर्थिक वर्ष २०८२/८३ मा गरिएको कुल कर्जा लगानी मध्ये बैंकले प्राथमिकता प्राप्त क्षेत्रमा ३७.१२ प्रतिशत लगानी गरेको छ, जसमध्ये कृषि क्षेत्रमा १०.४४ प्रतिशत लगानी रहेको छ। बैंकले आर्थिक वर्ष २०८२/८३ को आषाढ मसान्त सम्ममा हाइड्रोपावर प्रोजेक्टका लागि स्वीकृत कुल सीमा रु. ५३ अर्ब १ करोड ९२ लाख ९४ हजार मध्ये रु.२३ अर्ब ६५ करोड ४४ लाख ६२ हजार कर्जा प्रवाह गरी जल विद्युत क्षेत्रको विकासमा योगदान पुऱ्याएको छ। यस बैंकले करीव १६०८.९८ मेगावाट क्षमताका विभिन्न जलविद्युत आयोजनाहरूमा कर्जा लगानी गरेको छ। त्यसैगरी बैंकले आर्थिक वर्ष २०८२/८३ को आषाढ मसान्तसम्ममा ७२६२ वटा साना तथा मझौला कर्जा शीर्षक अन्तर्गत कुल रु. १६ अर्ब २२ करोड ८४ लाख ५७ हजार लगानी गरेको छ भने कृषि तथा साना व्यवसायलाई लक्षित १०३३० वटा फास्ट ट्र्याक लोन शीर्षक अन्तर्गत कुल कर्जा रु. ४ अर्ब ६९ करोड ५३ लाख ५० हजार र कृषि तथा उद्यम कर्जामा रु. १७ अर्ब ६५ करोड ७२ लाख १९ हजार तथा कृषि ऋणपत्र तर्फ रु. ६६ करोड ९० लाख ६० हजार सहित बैंकले कृषि क्षेत्रमा कुल रु. १८ अर्ब ३२ करोड ६२ लाख ७९ हजार लगानी गरेको छ।




साथै बैंकले कृषि व्यवसायलाई थप योगदान पुऱ्याउने उद्देश्यले One Zone One Product/ One District One Product को नीति अवलम्बन गरे अनुसार १८६६ वटा ऋणीहरुलाई रु. २ अर्ब १ करोड ७२ लाख ९२ हजार कर्जा लगानी गरेको छ। त्यसै गरी बैंकले आ.व. २०८२/८३ मा नेपाल राष्ट्र बैंकद्वारा जारी भएको "सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी कार्यविधि, २०७६" अन्तर्गतका विभिन्न क्षेत्रमा कुल ५८१ ऋणीहरुलाई रु. ३८ करोड ३५ लाख ३२ हजार कर्जा लगानी गरेको छ।

कुल लगानी : आर्थिक वर्ष २०८२/८३ को आषाढ मसान्तसम्ममा बैंकले रु. ५९ अर्ब २६ करोड ४८ लाख ५८ हजार लगानी गरेको छ। उक्त लगानीमध्ये नेपाल सरकारको ट्रेजरी बिल्स, विकास बण्ड, कृषि बण्ड र उर्जा ऋणपत्रमा कुल रु. ५६ अर्ब ९४ करोड ७० लाख ५९ हजार अर्थात् कुल लगानीको ९६.०९ प्रतिशत लगानी रहेको छ भने संगठित संस्थाहरूको शेयरमा रु. १ अर्ब ५६ करोड ५१ लाख ५५ हजार अर्थात् कुल लगानीको २.६४ प्रतिशत रहेको छ। बैंकको सहायक कम्पनीमा कुल रु. ३१ करोड ७२ लाख ४ हजार लगानी रहेको छ भने सम्बद्ध कम्पनीमा रु. ४३ करोड ४६ लाख ७६ हजार लगानी रहेको छ।




खुद ब्याज आम्दानी : आ.व. २०८१/८२ मा बैंकको खुद ब्याज आम्दानी रु. ६ अर्ब ४१ करोड ५४ लाख ७ हजार रहेकोमा आ.व. २०८२/८३ मा १.५० प्रतिशतले कम भई रु. ६ अर्ब ३१ करोड ९४ लाख ९३ हजार पुगेको छ।



गैह्र ब्याज आम्दानी : आ.व. २०८१/८२ मा बैंकको गैह्र ब्याज आम्दानी रु. १ अर्ब ९४ करोड ३६ लाख ४७ हजार रहेकोमा आ.व. २०८२/८३ मा १६.३१ प्रतिशतले वृद्धि भई रु. २ अर्ब २६ करोड ५ लाख ७३ हजार पुगेको छ।

सञ्चालन खर्च : आ.व. २०८१/८२ मा बैंकको कुल सञ्चालन खर्च रु. ३ अर्ब ६७ करोड २८ लाख ९ हजार रहेकोमा आ.व. २०८२/८३ मा शुल्क तथा कमिसन खर्चहरू, प्रशिक्षण तथा विकास खर्च, तलब खर्च, बिदा बापतको नगद भुक्तानी जस्ता खर्चहरुले कुल सञ्चालन खर्च ११.८६ प्रतिशतले वृद्धि भई रु. ४ अर्ब १० करोड ८४ लाख ६८ हजार पुगेको छ।



सञ्चालन मुनाफा : आ.व. २०८१/८२ मा बैंकको सञ्चालन मुनाफा रु. १ अर्ब ९८ करोड ६९ लाख १८ हजार रहेकोमा आ.व. २०८२/८३ मा ८८.०६ प्रतिशतले वृद्धि भई रु. ३ अर्ब ७३ करोड ६६ लाख ८७ हजार पुगेको छ।

खुद मुनाफा : आ.व. २०८१/८२ मा बैंकको खुद मुनाफा रु. १ अर्ब २८ करोड ७० लाख ७५ हजार रहेकोमा आ.व. २०८२/८३ मा ७०.८७ प्रतिशतले वृद्धि भई रु. २ अर्ब १९ करोड ९२ लाख ७५ हजार पुगेको छ।

३. सहायक कम्पनी सिटिजन्स क्यापिटल लिमिटेड (सांविक सि.बि.आई.एल.क्यापिटल लिमिटेड) को कारोबारको सिंहावलोकन

बैंकको सहायक कम्पनी सिटिजन्स क्यापिटल लिमिटेडमा यस बैंकको ५८.६० प्रतिशत लगानी अर्थात कुल रु. २० करोड पूँजीमा बैंकको रु. ११ करोड ७२ लाख ४ हजार लगानी रहेको छ। उक्त कम्पनीको मुख्य उद्देश्य - निष्काशन तथा बिक्री प्रबन्धक सेवा, लगानी व्यवस्थापन सेवा, सामूहिक लगानी कोष सेवा, शेयर रजिष्ट्रार सेवा, आदि प्रदान गर्ने रहेका छन्। आ.व. २०८२/८३ मा सिटिजन्स क्यापिटल लिमिटेडको खुद मुनाफा रु. २ करोड ७९ लाख ९० हजार रहेको छ।

त्यसैगरी सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडद्वारा प्रवर्द्धन गरिएको सिटिजन्स क्यापिटल लिमिटेडद्वारा व्यवस्थापन गरिएको सिटिजन्स म्युचुअल फण्ड २ तथा सिटिजन्स Super 30 मा बैंकको रु. १५ करोड प्रति फण्ड, सिटिजन्स सदाबहार योजनामा रु. १६ करोड ८७ लाख ५० हजार र सिटिजन्स सन्तुलित योजनामा रु. १८ करोड ७५ लाख गरि कुल रु. ६५ करोड ६२ लाख ५० हजार लगानी रहेकोमा सिटिजन्स म्युचुअल फण्ड २ मिति २०८३ आषाढ २० गतेका दिन परिपक्व भएको छ। यस आ.व. २०८२/८३ मा सिटिजन्स म्युचुअल फण्ड अन्तर्गत सञ्चालित सिटिजन्स Super 30 को अन्तिम प्रति इकाई खुद सम्पत्ति रु. १०.५३ रहेको छ भने सिटिजन्स सदाबहार योजना र सिटिजन्स सन्तुलित योजनाको अन्तिम प्रति इकाई खुद सम्पत्ति क्रमशः रु. ९.९७ र रु. ९.३४ रहेको छ।

सिटिजन्स क्यापिटल लिमिटेडले आ.व २०८२/८३ को मुनाफाबाट १३ प्रतिशत लाभांश वितरण गरेको छ।

४. सहायक कम्पनी सिटिजन्स शेयर ब्रोकर लिमिटेड (सांविक सि.बि.आई.एल.सेक्यूरिटिज लिमिटेड) को कारोबारको सिंहावलोकन

बैंकको सहायक कम्पनी सिटिजन्स शेयर ब्रोकर लिमिटेडमा यस बैंकको शत् प्रतिशत लगानी अर्थात कुल रु. २० करोड लगानी रहेको छ। उक्त कम्पनीको मुख्य उद्देश्य - धितोपत्र खरीद तथा बिक्रीको सेवा प्रदान गर्ने रहेको छ। आ.व. २०८२/८३ मा सिटिजन्स शेयर ब्रोकर लिमिटेडको खुद मुनाफा रु. ९९ लाख २ हजार रहेको छ। सिटिजन्स शेयर ब्रोकर लिमिटेडले आ.व २०८२/८३ को मुनाफा तथा सञ्चित मुनाफाबाट ४.६५ प्रतिशत लाभांश वितरण गरेको छ।

५. शाखा सञ्जालमा विस्तार

आर्थिक वर्ष २०८२/८३ मा बैंकको कुनै पनि शाखा विस्तार एवम् समायोजन गरिएको छैन। नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशनको पालना गर्दै बैंकले हालसम्म देशको ७ प्रदेशको ६१ जिल्लामा सञ्चालित २०० वटा शाखा तथा ३ वटा एक्सटेन्सन काउन्टर मार्फत विविध बैकिङ सेवाहरु प्रभावकारी रुपमा प्रवाह गर्दै आएको छ।

६. सूचना प्रविधि

बैंकले आफ्ना सेवा सुविधालाई सरल, सहज र सुरक्षित रुपमा ग्राहक समक्ष पुऱ्याउनको लागि बजारमा उपलब्ध नविनतम प्रविधिको प्रयोगलाई सधैं प्राथमिकतामा राखेको छ। बैंकले बैंकिङ्ग सेवालाई भरपर्दो र गुणस्तरीय बनाउनको लागि Infosys ले विकास गरेको विश्वकै उत्कृष्ट बैंकिङ्ग सफ्टवेयरमा पर्ने Finacle Core Banking System को Latest Version/Feature लाई अद्यावधिक गर्ने कार्य सफलतापूर्वक सम्पन्न गरेको छ। बैंकले आफ्नो आन्तरिक प्रयोजनको लागि Management Information System (MIS) लाई थप सबलीकरण गर्दै Business Intelligence (BI) प्रणालीको पनि सुरुवात गरेको छ। बैंकले २४ x ७ x ३६५ ग्राहक केन्द्रित Digital कारोबार प्रणाली तथा आन्तरिक Digitization/Automation का लागि आफ्नो सूचना प्रविधि पूर्वाधारलाई समयानुकूल अद्यावधिक गरिरहेको छ। साथै, बैंकले सूचना प्रविधि प्रणालीहरूलाई सधैं गतिशील, सुरक्षित र समयसापेक्ष आवश्यकताहरू पुरा गर्न तयारीको साथ आफूलाई चुस्त दुरुस्त बनाएको छ।

७. डिजिटल बैंकिङ्ग

बैंकले आर्थिक वर्ष २०८२/८३ मा डिजिटल बैंकिङलाई थप एकीकृत, स्वचालित र ग्राहककेन्द्रित बनाउँदै महत्वपूर्ण प्रगति गरेको छ। बैंकले Citizens DiZiBank ओम्नी-च्यानल प्लेटफर्म सञ्चालनमा ल्याई विभिन्न डिजिटल सेवाहरूलाई एकीकृत गरेको छ भने Education Loan Verification, QR-based Customer Satisfaction Survey र KYC विवरण अनलाइनबाटै अपडेट गर्ने

सुविधा थप गरेको छ। बैंकले Citizens Smart मोबाइल बैंकिङमा बायोमेट्रिक सुरक्षा तथा विभिन्न ड्यासबोर्ड सुविधाहरू सुधार गरेको छ। देशभर शाखामार्फत नयाँ डिजिटल खाता खोल्ने प्रणाली र व्यावसायिक ग्राहकका लागि ERP बाटै बैंकिङ विवरण हेर्न सकिने RAPID Open Banking सञ्चालनमा ल्याएको छ। साथै, BPM मा आर्थिक वर्ष २०८२/८३ मा थप ६८ Workflow सञ्चालनमा ल्याई कुल १२९ Workflow पुगेका छन् र १२ वटा Robotic Process Automation BOT मार्फत दोहोरिने म्यानुअल कार्यहरू स्वचालित गरेको छ।

बैकले कम्प्लायन्स, जोखिम व्यवस्थापन, पहुँचयोग्यता र सेवा निरन्तरताका क्षेत्रमा पनि उल्लेखनीय सुधार गरेको छ। बैंकले नियामकीय निर्देशन अनुसार विभिन्न आन्तरिक नियन्त्रण प्रणाली तथा Audit Tracking प्रणाली लागू गर्नुका साथै वेबसाइटलाई अपाङ्गता भएका ग्राहकका लागि थप पहुँचयोग्य बनाएको छ र NCHL-ConnectIPS तथा मोबाइल बैंकिङ सेवाको DR Site बाट सञ्चालन परीक्षण गरेको छ। कर्जा तथा असुली प्रक्रियामा CMS Recovery Module र Credit Net Disbursement Planner लागु गरी कर्जा पोर्टफोलियोको डिजिटल निगरानी तथा फलो-अपलाई व्यवस्थित गरेको छ। बैंकको डिजिटल कर्जातर्फ Pay-day Loan मा Multi-Disbursement, Virtual Credit Card मा EMI conversion तथा Citizens QR Merchant Loan र eSewa Easy Loan जस्ता सुविधाहरु थपिएका छन्।

८. कार्ड व्यवसाय

यस बैंकले आफ्ना ग्राहकहरूको सुविधालाई ध्यानमा राख्दै ATM तथा POS सेवा प्रदान गर्दै आइरहेको छ। यसै सन्दर्भमा बैंकको आर्थिक वर्ष २०८२/८३ सम्ममा १६८ ATM सञ्चालनमा छन् र कुल POS संख्या ५०७ पुगेको छ। साथै, कार्ड सेवा विस्तार गर्ने क्रममा यस आर्थिक बर्षको अन्तसम्म बैंकको कुल डेबिट कार्डको संख्या ४,६०,५३५ वटा, क्रेडिट कार्डको संख्या ४,८६५ वटा तथा प्रिपेड कार्डको संख्या ७,७५६ वटा पुगेको छ।

९. विप्रेषण कारोबार

विदेशमा रहनुभएका नागरिकलाई सेवा प्रदान गर्न बैंकले "सिटिजन्स रेमिट" सञ्चालन गर्दै आएको छ। यस सेवा मार्फत विश्वका विभिन्न मुलुकहरूबाट अन्तर्राष्ट्रिय विप्रेषण कारोबार सेवा प्रदान गर्दै आइरहेको छ। बैंकले गत आर्थिक बर्ष कुल ३ करोड ७२ लाख ३१ हजार २ सय ६६ अमेरिकी डलर बराबरको विप्रेषण भित्र्याई रु. २ करोड ६० लाख २७ हजार ८ सय ९ बराबरको आम्दानी गरेको छ। यस बैंकले विदेशका विभिन्न रेमिटेन्स कम्पनी र बैंकहरूसँग सहकार्य गरी यूएई, कतार, कुवेत, यूके, यूरोप, अमेरिका, अस्ट्रेलिया, क्यानडा, मलेसीया, लगायत मुलुकहरूबाट विप्रेषण भित्र्याउँदै आइरहेको छ।

विप्रेषण कारोबार सेवालाई सहज बनाउँदै बैंकले सिटिजन्स रेमिटलाई डिजिटाइज गरेको छ र सिटिजन्स मोबाइल एप एवं विभिन्न वालेट एप मार्फत घरमै बसी सेवा प्राप्त गर्न सकिने सुविधा प्रदान गर्दै आएको छ। यसका साथै, विश्वका विभिन्न मुलुकहरूबाट पठाएको विप्रेषण रकम बैंकका सम्पूर्ण शाखा कार्यालयहरू तथा देश भित्र छरिएर रहेका २० हजार भन्दा बढी सहायक प्रतिनिधिहरूबाट सहज रुपमा प्राप्त गर्न सकिने सुविधा पनि प्रदान गर्दै आएको छ।

विप्रेषण कारोबारलाई अझ प्रभावकारी बनाउँदै लैजाने क्रममा बैंकले आगामी दिनहरूमा विदेशका विभिन्न कम्पनीहरूसँग थप सम्झौताहरू गरी विप्रेषण कारोबार विस्तार गर्ने रणनीतिक योजना बनाएको छ।

१०. अन्य बैंकिङ्ग सुविधा विस्तार

यस बैंकले आ.व. २०८२/८३ मा ४२ वटा शाखा रहित बैंकिङ्ग ईकाइहरूबाट शाखारहित बैंकिङ्ग सेवा प्रदान गर्दै आइरहेको छ। शाखारहित बैंकिङ्गबाट निक्षेप संकलन, रकम भुक्तानी, विप्रेषण, कोष स्थानान्तरण, मोबाइल फोनको बिल भुक्तानी लगायतका सेवाहरू उपलब्ध गराउँदै आइरहेको छ।

११. संस्थागत सामाजिक उत्तरदायित्व

नेपाल राष्ट्र बैंकले जारी गरेको एकीकृत निर्देशन तथा नेपालको दिगो विकास लक्ष्यलाई आत्मसात् गर्दै बैंकले संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत आफ्नो स्थापनाकाल देखि नै शिक्षा, वातावरण, वित्तीय साक्षरता, स्वास्थ्य, आदि जस्ता क्षेत्रमा सकारात्मक परिवर्तन ल्याउनका निम्ति विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। यसैको निरन्तरता स्वरूप आ.व. २०८२/८३ मा बैंकले शिक्षामा रु. ४० लाख २२ हजार, वातावरण क्षेत्रमा रु. ३ लाख २५ हजार, वित्तीय साक्षरतामा रु. १७ लाख ५ हजार, स्वास्थ्यका निम्ति रु. २२ लाख ७७ हजार, मानवीय सहयोग तथा राहतमा रु. ३ लाख ७१ हजार गरी बैंकले कुल रु. ८७ लाख ४० हजारको सहयोग उपलब्ध गराएको छ।

१२. मानव संसाधन

जनशक्ति व्यवस्थापन गर्न नायव प्रमुख कार्यकारी अधिकृतको संयोजकत्वमा सदस्यहरु प्रमुख कर्जा अधिकृत, प्रमुख प्रशासकीय अधिकृत, प्रमुख संचालन अधिकृत र जनशक्ति व्यवस्थापन विभागका विभागीय प्रमुख सदस्य सचिव रहेको पदपूर्ति समिति गठन गरिएको छ।

२०८३ आषाढ मसान्त सम्ममा बैंकमा कुल १७४१ जना कर्मचारीहरु कार्यरत रहेका छन्। समीक्षा वर्षमा ४२ जना नयाँ कर्मचारीको नियुक्ति तथा १०८ जना कर्मचारीहरु बैंकको सेवाबाट अलग भएका छन्। कुल कर्मचारी मध्ये ७५४ जना (४३.३० प्रतिशत) महिला कर्मचारीहरू रहेका छन्। ग्राहक वर्गलाई सर्वसुलभ तथा छिटो भन्दा छिटो समयमा सेवा उपलब्ध गराई व्यवसायिक उद्देश्य प्राप्ति गर्न बैंकको जनशक्तिको दक्षता वृद्धिका लागि प्रायः सबै कर्मचारी समावेश हुने गरि विभिन्न शीर्षकहरूमा स्वदेशी तथा विदेशी तालिम प्रदान गरिएको छ। जनशक्तिको दक्षता अभिवृद्धिका लागि कुल रु. ४ करोड ३७ लाख ८ हजार ९ सय ९० खर्च गरिएको छ। साथै,आगामी वर्षमा समेत नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाको लागि जारी एकीकृत निर्देशनमा भएको व्यवस्था बमोजिम दक्षता अभिवृद्धि सम्बन्धी आवश्यक तालिमहरू प्रदान गर्ने नीति बैंकले लिएको छ।

१३. सरकारी राजस्वमा योगदान

आ.व. २०८२/८३ मा बैंकले अग्रिम आयकर बापत रु. १ अर्ब २९ करोड र विभिन्न भुक्तानीमा कर कट्टी गरे बापत रु. ७९ करोड २९ लाख ८१ हजार ठूला करदाता कार्यालयमा तथा रु. २ करोड १८ लाख अन्य आन्तरिक राजस्व कार्यालयहरूमा गरी कुल रु. २ अर्ब १० करोड ४७ लाख ८१ हजार राजस्व दाखिला गरेको छ।

१४. आन्तरिक नियन्त्रण प्रणाली

बैंकिङ्ग व्यवसायमा निहित कर्जा, बजार तथा सञ्चालन लगायतका जोखिमहरूलाई दृष्टिगत गरी बैंकले आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुत बनाउने नीति लिएको छ। यस सम्बन्धमा बैंकिङ्ग कारोबारका सबै क्षेत्रमा आवश्यक नीति, नियमहरू बनाई कार्यान्वयनमा ल्याइएको छ। त्यसै गरी बैंकका कामकारवाहीहरू प्रचलित कानून बमोजिम भए गरेको छ/छैन त्यसको यकिन गर्ने उद्देश्यले बैंकमा एउटा स्वतन्त्र आन्तरिक लेखापरीक्षण विभाग गठन गरी त्यस विभागलाई सञ्चालक समिति अन्तर्गतको लेखापरीक्षण समिति मातहत राखिएको छ। बैंकिङ्ग कारोबारहरूमा निहित जोखिमहरूलाई निरन्तर रुपमा अनुगमन गरी सञ्चालक समितिलाई उपयुक्त राय सुझाब दिनका लागि सञ्चालक समितिको जवाफदेहीतामा जोखिम व्यवस्थापन समिति गठन गरी उक्त समितिले त्यस सम्बन्धमा प्रभावकारी रुपमा कार्य गर्दै आइरहेको छ। साथै, जोखिम व्यवस्थापन समिति अन्तर्गत बैंकिङ्ग कारोबारमा निहित जोखिमलाई न्यूनीकरण गर्न छुट्टै कर्जा जोखिम विभाग गठन गरी सञ्चालनमा रहेको छ। त्यस्तै बैंकमा रहेका सम्पूर्ण ग्राहकको जोखिम स्तर निर्धारण गर्ने तथा अन्य अनुपालनको क्रममा देखिने कमीकमजोरीको उपयुक्त तरिकाले अनुगमन तथा समाधान गर्न सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी समिति गठन गरि त्यस अन्तर्गत सम्पत्ति शुद्धीकरण विभाग सञ्चालनमा रहेको छ।

साथै विभिन्न विभागहरूसंग सम्बन्धित कार्य सञ्चालनलाई व्यवस्थित गर्न आन्तरिक नीति, नियम तथा निर्देशिकाहरू जारी गरी लागु गरिएको छ। निर्णय प्रकृयालाई छिटो-छरितो तथा चुस्त बनाउन व्यवस्थापन तहमा व्यवस्थापन समिति (Executive Committee), जोखिम र आम्दानीको (Risk and Return) दृष्टिकोणबाट वासलात व्यवस्थापन गर्ने, ब्याजदर तथा तरलता जोखिमको रणनीतिक व्यवस्थापन गर्न व्यवस्थापन तहका पदाधिकारीहरू सम्मिलित सम्पत्ति दायित्व व्यवस्थापन समिति (ALCO), बैंकको दैनिक काम कारवाही, लगानी, सञ्चालन तथा रणनीतिक योजनाको कार्यान्वयनका लागि चाहिने सूचना तथा प्रविधि प्रणालीको विकास गर्ने, समयानुसार अद्यावधिक गर्ने र अग्रसर भई काम गर्न बैंकका पदाधिकारीहरू सम्मिलित IT Steering Committee, सञ्चालन जोखिम न्यूनिकरणका लागि बैंकको दैनिक काम-कारबाहीमा अन्तर-विभागीय समन्वय स्थापित गर्ने तथा आवद्यिक अनुगमन गरी सुधारात्मक व्यवस्था गर्न प्रमुख जोखिम अधिकृतको संयोजकत्वमा विभागीय प्रमुखहरू सम्मिलित सञ्चालन जोखिम व्यवस्थापन समिति र बैंकको दैनिक काम - कारबाहीका लागि चाहिने Logistics को व्यवस्था गर्न, बोलपत्रको आव्हान गर्न, Logistics खरिदका लागि प्रमुख कार्यकारी अधिकृतलाई सिफारिस गर्ने र बोलपत्र कबोल गर्ने जस्ता कामका लागि खरिद समिति लगायतका समितिहरू क्रियाशील रहेका छन्। साथै, जनशक्ति व्यवस्थापनका लागि पदपूर्ति समिति, कर्मचारीहरुको क्षमता विकासका लागि Capacity Development & Training Committee, प्रविधि तथा नवप्रवर्तनका लागि Artificial Intelligence Committee, कर्मचारी अनुशासन कायम गर्न Disciplinary Action Committee, तथा विपद् जोखिम व्यवस्थापन र व्यवसाय निरन्तरताका लागि आवश्यक समितिहरु गठन गरी

कार्यहरू सञ्चालन गरिएको छ। यी समितिहरूमार्फत बैंकका निर्णय, जोखिम नियन्त्रण, प्रविधि उपयोग, जनशक्ति विकास तथा विपद् व्यवस्थापनलाई थप व्यवस्थित र प्रभावकारी बनाउने व्यवस्था गरिएको छ।

१५. संस्थागत सुशासन तथा अनुपालन

संस्थागत सुशासनलाई बैंकले दीर्घकालीन सफलताको अभिन्न अंगको रुपमा लिएको छ। नेपाल राष्ट्र बैंकबाट तोकिए बमोजिम बैंकमा विभिन्न समिति/उप-समिति सक्रिय रुपमा कार्यरत रहेको छ। यी समिति/उप-समितिले संस्थागत सुशासनको पालना गराई जोखिम व्यवस्थापन गर्न कटिबद्ध रहेका छन्। समीक्षा अवधिमा सञ्चालक समितिका सदस्यहरु/बैकका उच्च पदस्थ कर्मचारी/अन्य कर्मचारीहरुले नेपाल राष्ट्र बैंकको निर्देशन र बैकको आफ्नो कर्मचारी नियमावली बमोजिमका आचरणहरु पालना गर्नु भएको छ। सञ्चालक समिति तथा बैंकका सबै कार्यहरू पारदर्शी रूपमा सञ्चालन गरी संस्थागत सुशासनलाई सुदृढ गर्दै लैजान बैंक सदैव क्रियाशील रही आएको छ। बैंकको नीति, कार्यक्रम तथा बजेट, लेखाप्रणाली, निक्षेप परिचालन तथा कर्जा प्रवाह, बैंकको लगानी, बैंकले प्रदान गर्ने वित्तीय सेवाको मूल्य निर्धारण, खरीद तथा निर्माण कार्य, मानव संसाधन व्यवस्थापन लगायतका बैंकले सम्पादन गर्ने अन्य कार्यहरुका सन्दर्भमा स्थापित प्रणाली तथा बैंकिङ्ग क्षेत्रमा गरिने असल अभ्यास अवलम्वन गर्ने संस्कृति समेत विद्यमान रहेको छ। जवाफदेहिता तथा उत्तरदायित्व अन्तर्गत बैंकले आफ्ना उद्देश्यहरु हाँसिल गर्न सम्पादन गरेका कार्यहरु प्रति नेपाल सरकार, नियामक निकाय, नागरिक समाज, शेयरधनी, निक्षेपकर्ता, ऋणी, बैंकका सेवाग्राही, बैंकका साहु लगायतका सरोकारवाला प्रति जवाफदेही तथा उत्तरदायी हुने अभ्यास रहेको छ साथै बैंक नियामक निकाय, ग्राहक बर्ग तथा सरोकारवालाहरुको सम्बन्धलाई सम्मान गर्दै दिर्घकालीन रूपमा संस्थागत सुशासन कायम गरेर अगाडी बढ्न निरन्तर प्रयत्नशील रहेको छ।

बैंकको नीति तथा कार्यक्रम एवम् बजेट निर्माण, निर्णय प्रकृया, श्रोत परिचालन लगायतका व्यवसायिक क्रियाकलापमा विभिन्न तहको सहभागिता गराई कार्यान्वयन पक्षमा अपनत्वको भावना विकास गर्नुका साथै वित्तीय अनुसाशन, नैतिकता सहितको नेतृत्व, विश्वासको वातावरण, सीमान्तकृत तथा अल्पसंख्यकका साथै लैंगिक विभेद रहित सशक्तिकरण, समान अवसर तथा परिणाममुखी प्रणाली प्रति बैंक सञ्चालक समिति एवम् व्यवस्थापन अनुशासित तथा प्रतिवद्ध रहेको छ। सञ्चालक समिति तथा बैंकका सबै कार्यहरू पारदर्शी रूपमा सञ्चालन गरी संस्थागत सुशासनलाई सुदृढ गर्दै लैजान बैंक सदैव क्रियाशील रही आएको छ। साथै बैंकमा अनुपालनाको अवस्था अनुगमन र विश्लेषण गर्ने र उपयुक्त समाधान गर्न छुट्टै इकाई पनि सञ्चालनमा रहेको छ। नेपाल राष्ट्र बैंक एवं अन्य सम्बद्ध नियामक निकायहरूबाट समय-समयमा जारी भएका नियमन एवं निर्देशनलाई बैंकले कार्यान्वयन गर्दै आएको साथै आगामी दिनहरूमा समेत पूर्ण रुपमा कार्यान्वयनको लागि प्रतिबद्ध रहेको छ।

१६. दिगो बैंकिङ र वातावरणीय उत्तरदायित्व

बैंक दिगो बैंकिङ अभ्यास र पर्यावरण संरक्षणप्रति पूर्ण रूपमा प्रतिबद्ध रहँदै आफ्ना व्यावसायिक गतिविधिहरूबाट वातावरणमा पर्ने प्रभावलाई न्यूनीकरण गर्न निरन्तर क्रियाशील रहेको छ। बैंकले डिजिटल बैंकिङ्गलाई व्यापक रूपमा प्रवर्द्धन गर्दै कागजको प्रयोगलाई निरुत्साहित र न्यूनीकरण गर्ने कार्यमा महत्वपूर्ण सफलता हाँसिल गरेका छ। वातावरणीय प्रदूषण न्यूनीकरणमा योगदान पुर्याउने उद्देश्यका साथ बैंकले आफ्ना शाखाहरू तथा कर्मचारीहरूमा विद्युतीय सवारी साधन (EV) को प्रयोगलाई प्रवर्द्धन एवं प्रोत्साहित गरिरहेको छ। साथै, सवारी साधनको आवतजावतबाट हुने कार्बन उत्सर्जनलाई कम गर्न भौतिक रूपमा गरिने व्यावसायिक बैठकहरूलाई सकेसम्म कम गर्दै भर्चुअल तालिम तथा भर्चुअल बैठकहरूका लागि अनलाइन माध्यमहरूको प्रयोग गरेको छ। नेपाल राष्ट्र बैंकको Environmental & Social Risk Management Guideline २०२२ बमोजिम कर्जा लगानीमा वातावरणीय तथा जलवायु जोखिम मूल्याङ्कनलाई अनिवार्य रूपमा लागु गरिएको छ। यसका साथै, बैंकले नविकरणीय ऊर्जा, विद्युतीय सवारी साधन र फोहोरमैला व्यवस्थापन जस्ता वातावरणमैत्री परियोजनाहरूमा कर्जा प्रवाहलाई विशेष प्राथमिकता दिँदै दिगो र हरित अर्थतन्त्र निर्माणमा आफ्नो योगदान पुर्याइरहेको छ।

१७. बैंकका अन्य उपलब्धिहरु

समीक्षा वर्षमा बैंकलाई संयुक्त अधिराज्य स्थित द फाइनान्सीयल टाइम्सले नेपालको लागि डिसेम्बर ४, २०२५ मा "Bank of the Year 2025" बाट लगातार दोस्रो वर्ष सम्मानित गरेको छ। समीक्षा वर्षमा बैंकले SEDRA III कार्यक्रम अन्तर्गत ग्रामीण, साना तथा मझौला उद्योगहरुलाई कर्जा प्रवाह गर्दै वित्तीय पहुँच विस्तार गर्दै आएको र कर्जा मूल्याङ्कन तथा स्वीकृति प्रक्रियालाई सरल, सुदृढ र प्रभावकारी बनाउन स्थापना गरिएको Centralized Credit Underwriting Unit - CCUU ले कर्जा मूल्याङ्कन, स्वीकृति र कर्जा

जोखिम व्यवस्थापन प्रक्रियामा एकरुपता, पारदर्शिता तथा दक्षता सुनिश्चित गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेको छ। साथै Citizens Smart Mobile Banking App मा नेपालमै पहिलोपटक Cross Bank QR Withdrawal तथा Tap & Pay जस्ता नवीन सेवाहरु सञ्चालनमा ल्याई ग्राहकलाई थप सहज, सुरक्षित र प्रभावकारी बैंकिङ्ग अनुभव प्रदान गरेको छ। बैंकले ESG जिम्मेवारी तर्फ प्रत्येक Smart Savings Account खोले वापत १ वटा रुख रोपी "One Account One Tree" को पहल गरेको र यस मार्फत १,८९० रुखहरु रोपेर ग्राहकलाई प्रत्यक्ष संलग्न गराएको छ। ग्राहकको बदलिँदो आवश्यकता र अपेक्षालाई केन्द्रमा राख्दै बैंकले निरन्तर नयाँ प्रविधि, सेवा तथा नवप्रवर्तनलाई आत्मसात् गर्दै आफ्नो सेवाको गुणस्तरमा उल्लेखनीय सुधार गर्दै आएको छ। ग्राहक अनुभवलाई अझ सहज, सरल र प्रभावकारी बनाउने यी प्रयासहरू कदर स्वरूप बैंकले लगातार दुई वर्ष 'Bank of the Year' को प्रतिष्ठित सम्मान प्राप्त गर्न सफल भएको छ।

१८. सञ्चालक समितिमा भएको हेरफेर र त्यसको कारण

१५औँ वार्षिक साधारण सभाबाट सर्वसाधारण शेयरधनी समूह "ख"को तर्फबाट सञ्चालक पदमा पुनःनिर्वाचित हुनुभएको श्री विजय ध्वज कार्कीज्यूको पदावधि मिति २०८३/०३/०२ गतेमा समाप्त भएको छ। साथै, मिति २०८३/०३/०३ गते सम्पन्न भएको बैंकको आठौँ विशेष साधारण सभाबाट समूह 'क' का संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालक श्री अनिल कुमार ज्ञवाली बाँकी कार्यकालको लागि निर्वाचित हुनुभएको छ र समूह 'ख' सर्वसाधरण समूहको शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालक पदको लागि श्रीमती हिमा देवी खड्का के.सी. बाँकी कार्यकालको लागि, श्री प्रकाश चन्द्र मैनाली र डा. राजेन्द्र पण्डित पुरा कार्यकालको लागि निर्वाचित हुनुभएको छ।

१९. व्यवस्थापनमा भएको हेरफेर र त्यसको कारण

समीक्षा वर्षमा बैंकका सहायक प्रमुख कार्यकारी अधिकृत/प्रमुख सञ्चालन अधिकृत श्री रवि कुमार रौनियारले २०८२ माघ २८ गते देखि अवकाश प्राप्त गर्नुभएको छ।

२०. अन्य समितिहरू

नेपाल राष्ट्र बैंकको निर्देशन नं ६/०८२(७)(१)(क) र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २६ र २७ मा भएको व्यवस्था अनुसार सञ्चालक समितिले आफ्नो जवाफदेहीतामा लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति, कर्मचारी व्यवस्थापन तथा सेवा सुविधा समिति र सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी समिति गठन गरेको छ।

लेखापरीक्षण समिति

बैंकको लेखापरीक्षण समितिले संस्थाको आर्थिक अवस्थाको समीक्षा, आन्तरिक नियन्त्रण प्रणालीको समीक्षा, लेखापरीक्षण सम्बन्धी कार्यक्रम र लेखापरीक्षणको परिणाम सम्बन्धमा विस्तृत छलफल गरी बैंकको व्यवस्थापनलाई आवश्यक निर्देशन दिने गरेको छ। उक्त समितिको संरचना देहाय बमोजिम रहेको थियो :

१.	सञ्चालक श्री अनिल ज्ञवाली	संयोजक
२.	सञ्चालक श्री प्रकाश चन्द्र मैनाली	सदस्य
३.	प्रमुख आन्तरिक लेखापरीक्षण विभाग श्री आशिष कोइराला	सदस्य सचिव

लेखापरीक्षण समितिको बैंठक आ.व. २०८२/८३ मा ८ पटक बसेको र बैठक भत्ता बापत रु. २४०,०००/- भुक्तानी गरिएको छ। उक्त बैंठकहरुमा प्रचलित कानून बमोजिम बैंकको समग्र वित्तीय अवस्था, आन्तरिक नियन्त्रण प्रणाली, लेखापरीक्षण योजना र आन्तरिक लेखापरीक्षक तथा बाह्य लेखापरीक्षकले पेश गरेको लेखापरीक्षण प्रतिवेदनमा औँल्याइएका बुँदा/कैफियतहरु उपर समीक्षा गरी सुधारात्मक कदम चाल्न व्यवस्थापनलाई निर्देशन दिने, नेपाल राष्ट्र बैंकबाट निरीक्षण तथा सुपरिवेक्षण गरी प्रतिवेदनमा औँल्याइएका बुँदा/कैफियतहरूको कार्यान्वयन भए/नभएको सम्बन्धमा समीक्षा गर्ने तथा ती विषयहरुको अभिलेख गरी सञ्चालक समितिलाई जानकारी गराउने, बैंकको वार्षिक वित्तीय विवरणलाई सही र यथार्थपरक बनाउन व्यवस्थापनलाई सहयोग गर्ने, बैंकको काम कारवाहीमा नियमितता, मितव्ययिता, औचित्यता, प्रभावकारिता जस्ता कुराहरु अवलम्बन भए/नभएको बारे समीक्षा गरी सञ्चालक समितिलाई आवश्यक सुझाव दिने, बैंकको त्रैमासिक वित्तीय विवरणको समीक्षा गरी सञ्चालक समिति समक्ष प्रतिवेदन पेश गर्ने कार्यहरु समितिले सम्पन्न गरेको छ।

जोखिम व्यवस्थापन समिति

बैंकको जोखिम व्यवस्थापनसँग सम्बन्धित नीति तथा कार्ययोजना तर्जुमा तथा कार्यान्वयनको अवस्थाको अध्ययन तथा नियमन गर्ने गरि सञ्चालक समिति स्तरको जोखिम व्यवस्थापन समिति गठन गरिएको छ। यस समितिको काम, कर्तव्य र अधिकार नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशिकाले तोके बमोजिम रहेको छ। लेखापरीक्षण समितिका संयोजक जोखिम व्यवस्थापन समितिको पदेन सदस्य रहने र समितिको बैठक तीन महिनामा कम्तीमा एक पटक बस्नु पर्ने व्यवस्था रहेको छ। बैंकको जोखिम व्यवस्थापन समितिको संरचना देहाय बमोजिम रहेको थियो :

१.	सञ्चालक डा. बिनोद आत्रेय	संयोजक
२.	सञ्चालक श्री दिग्विजय विष्ट	सदस्य
३.	सञ्चालक श्री अनिल ज्ञवाली	सदस्य
४.	प्रमुख सञ्चालन अधिकृत	सदस्य
५.	प्रमुख जोखिम अधिकृत	सदस्य सचिव

आ.व. २०८२/८३ मा जोखिम व्यवस्थापन समितिको बैठक ५ पटक बसेको र बैठक भत्ता वापत रु. १९५,०००/– भुक्तानी गरिएको छ। बैंकलाई असर पार्न सक्ने जोखिमहरूलाई पत्ता लगाई त्यसको उचित व्यवस्थापन गर्न बैंकको जोखिम व्यवस्थापन समिति क्रियाशील रहेको छ। समितिले जोखिम व्यवस्थापनको सन्दर्भमा कर्जा जोखिम, बजार जोखिम, सञ्चालन जोखिम, तरलता जोखिम, अनुपालन जोखिम, सूचना प्रविधि जोखिम र अन्य जोखिमलाई न्यूनीकरण गर्नमा विशेष ध्यान दिने गरेको छ। जोखिम व्यवस्थापनका निम्ति बैंकमा जोखिम व्यवस्थापन समिति अन्तर्गत रहने गरी जोखिम व्यवस्थापन विभाग रहेको छ।

जोखिम व्यवस्थापन समितिमा त्रैमासिक प्रतिवेदन उपर छलफल गर्ने गरिएको छ जसमा त्रैमासिक रुपमा पेश हुने विभिन्न प्रतिवेदनहरू जस्तै ICAAP, Stress Testing र पूँजीकोष पर्याप्तता अनुपातका साथै विभिन्न नियामकीय तथा आन्तरिक मापदण्डहरु (Risk Appetite र Risk Tolerance Limit) तोकिए बमोजिम रहे नरहेको बारेमा छलफल गर्ने गरिएको छ। Strategic Risk, Legal Risk, AML/CFT Risk, Reputational Risk सम्बन्धी वार्षिक प्रतिवेदन माथि छलफल गर्नुका साथै सम्पत्ति दायित्व व्यवस्थापन समितिको माइन्युट्सको सूक्ष्म रूपमा अध्ययन तथा छलफल गर्ने गरेको छ।

सञ्चालन जोखिम व्यवस्थापन अन्तर्गत त्रैमासिक तथा वार्षिक रुपमा विभिन्न शाखा तथा विभागहरुबाट पेश भएका Risk Register, Incident Reporting, Loss Database र Branch Operational Risk Assessment का सम्बन्धमा तयार गरिएको प्रतिवेदन समितिमा छलफल गर्ने गरिएको छ। त्यसैगरी IT Risk अन्तर्गतको SIEM/SOC को प्रतिवेदन त्रैमासिक रुपमा छलफल गर्ने गरेको छ।

समितिमा जोखिम व्यवस्थापन कार्य अन्तर्गत नेपाल राष्ट्र बैंकले दिएका निर्देशन प्रतिक्रिया तथा समग्र कर्जाको Portfolio को विश्लेषणको बारेमा छलफल गर्ने गरिएको थियो। साथै, बैंकको क्षेत्रगत कर्जामा अधिकेन्द्रित कर्जा ग्राहकको संख्या, कर्जाको Exposure प्रतिशत तथा निष्क्रिय कर्जा अनुपातको प्रतिशतको आधारमा HHI Index Model बाट गणना गरिएको अधिकेन्द्रित जोखिमको प्रतिवेदन र Stress Testing of Top Five Borrower Group प्रतिवेदनका बारेमा पनि छलफल गरेको थियो।

समितिमा कर्जाको क्षेत्रगत र प्रोडक्टगत विश्लेषण, निष्कृय कर्जाको विश्लेषण, Assets Writing Strategy अनुसार बैंकको कर्जाको अवस्था, शाखाहरुको Credit Risk Profiling को अवस्था र कर्जा नोक्सानी व्यवस्थाको पुनरावलोकन, तथा Exception Report को प्रतिवेदनको बारेमा छलफल गरिएको थियो।

बैंकको जोखिम बहन गर्ने क्षमताको समितिमा विस्तृत छलफल गर्ने गरिएको, अनुपालनको विद्यमान अवस्थाको विश्लेषण, विभिन्न नीति तथा कार्यविधिमा समयसापेक्ष रूपमा परिमार्जन तथा थपघट गर्ने लगायत अन्य जोखिम सम्बन्धी विषयमा छलफल गरी सञ्चालक समितिलाई जोखिम न्यूनिकरण र व्यवस्थापन गर्न आवश्यक सुझावहरु सिफारिस गरेको छ।

नीति तथा कार्यविधिमा थपघट गर्ने क्रममा चालु आ.व. २०८२/८३ मा जोखिम व्यवस्थापन समितिले विभिन्न नीति तथा कार्यविधीहरुको पुनरावलोकन गर्नुका साथै Expected Credit Loss and Interest Income Recognition Policy तर्जुमा गरिएको थियो।

कर्मचारी व्यवस्थापन तथा सेवा सुविधा समिति

कर्मचारी व्यवस्थापन तथा सेवा सुविधा समितिको काम, कर्तव्य र अधिकार नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम रहेको छ। बैंकको उक्त समितिको संरचना देहाय बमोजिम रहेको थियो :

मिति २०८२/०४/०१ देखि मिति २०८३/०३/०२ सम्म

१. सञ्चालक श्री विजय ध्वज कार्की	संयोजक
२. सञ्चालक श्री प्रकाश चन्द्र मैनाली	सदस्य
३. प्रमुख कार्यकारी अधिकृत	सदस्य
४. वित्त विभागका विभागीय प्रमुख	सदस्य
५. जनशक्ति व्यवस्थापन विभागका विभागीय प्रमुख	सदस्य सचिव

मिति २०८३/०३/०३ पश्चात्

१. सञ्चालक श्री हिमा देवी खड्का के.सी.	संयोजक
२. सञ्चालक श्री प्रकाश चन्द्र मैनाली	सदस्य
३. प्रमुख कार्यकारी अधिकृत	सदस्य
४. वित्त विभागका विभागीय प्रमुख	सदस्य
५. जनशक्ति व्यवस्थापन विभागका विभागीय प्रमुख	सदस्य सचिव

आ.व. २०८२/८३ मा कर्मचारी सेवा सुविधा समितिको बैठक ३ पटक बसेको र बैठक भत्ता वापत रु. ९०,०००/- भुक्तानी गरिएको छ। समितिले Guidelines for Directors Training 2025, Human Resource Management Policy , Employee Training and Capacity Development Guidelines र पारिश्रमिक निर्धारण नीति को पुनरावलोकन र आवश्यक संशोधन गरेको छ। साथै, समितिले आ.व. २०८३/८४ का लागि आवश्यक कर्मचारीहरूको दरबन्दी सिफारिस गर्ने कार्य सम्पन्न गरेको छ, बैंकको संगठनात्मक संचरना संशोधन गरेको, Disciplinary Action Committee द्वारा कर्मचारीलाई गरिएको अनुशासन सम्बन्धी कारवाहीको विवरण पेश गरेको र समितिले नेपाल राष्ट्र बैंकद्वारा जारी गरिएको एकीकृत निर्देशन बमोजिम काम, कर्तव्य र उत्तरदायित्व बमोजिम गर्नुपर्ने कार्यहरु नियमित रुपमा गरेको छ।

सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी समिति

सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी समितिको प्रमुख काम सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धमा बैंकले तर्जुमा गरेको नीति/ नियम/ मार्गदर्शनहरुको पुनरावलोकन गर्नु, सम्पत्ति शुद्धीकरण, आतंकवादी क्रियाकलाप तथा आम विनाशका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी लगायत सम्बद्ध कसुरसँग सम्बन्धित वित्तीय अपराध सम्बन्धी जोखिम पहिचान तथा नियन्त्रण गर्न बैंकले तयार गरेको संयन्त्रको आवधिक पुनरावलोकन गर्नु रहेको छ। यस समितिले सम्पत्ति शुद्धीकरण आतंकवादी क्रियाकलाप तथा आम विनाशका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी सम्बन्धी कानून, नियमनकारी निकायले तोकेको मापदण्ड र बैंकको नीतिहरु कार्यान्वयन सम्बन्धमा बैंक व्यवस्थापनलाई आवश्यक सुझाव दिने तथा आवधिक रुपमा यस समितिले गरेका निर्णयहरुको तथा निर्णय बमोजिम भएका कार्यहरुको जानकारी सञ्चालक समिति समक्ष प्रस्तुत गर्ने गर्दछ। यस समितिमा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम बैंकको गैर कार्यकारी सञ्चालकको संयोजकत्वमा अनुपालना विभागका विभागीय प्रमुख तथा जोखिम व्यवस्थापन विभागका विभागीय प्रमुख सदस्य र नेपाल राष्ट्र बैंकको निर्देशन नं. १९ को बुँदा नं. १९ को उपबुँदा नं. २ बमोजिम नियुक्त भएको कार्यान्वयन अधिकारी सदस्य सचिव रहेका छन्। यस समितिको काम, कर्तव्य र अधिकार नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशिकाले तोके बमोजिम रहेको छ र समितिको बैठक कम्तिमा पनि ३ महिनामा एक पटक बस्नु पर्ने व्यवस्था रहेको छ।

आ.व. २०८२/८३ मा सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी समितिको संरचना देहाय बमोजिमका सदस्यहरु रहेको थियो :

मिति २०८२/०४/०१ देखि मिति २०८३/०३/०२ सम्म

१. सञ्चालक श्री दिग्विजय विष्ट	संयोजक
२. प्रमुख जोखिम अधिकृत	सदस्य
३. प्रमुख अनुपालन विभाग	सदस्य
४. सम्पत्ति शुद्धीकरण निवारण कार्यान्वयन अधिकृत	सदस्य सचिव

मिति २०८३/०३/०३ पश्चात्

१. सञ्चालक डा. राजेन्द्र पण्डित	संयोजक
२. सञ्चालक श्री दिग्विजय विष्ट	सदस्य
३. प्रमुख जोखिम अधिकृत	सदस्य
४. प्रमुख अनुपालन विभाग	सदस्य
५. सम्पत्ति शुद्धीकरण निवारण कार्यान्वयन अधिकृत	सदस्य सचिव

आ.व २०८२/८३ मा सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी समितिको बैठक ६ पटक बसेको र बैठक भत्ता वापत रु. १०५,०००/– भुक्तानी गरिएको छ।

यस समितिले सम्पत्ति शुद्धीकरण निवारण आतंकवादी कृयाकलाप तथा आम विनाशका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानीसंग सम्बन्धित कानूनहरु, नेपाल राष्ट्र बैंकबाट जारी गरिएको निर्देशनहरु तथा बैंकको सम्पत्ति शुद्धीकरण निवारण तथा आतंकवादी कृयाकलापमा वित्तीय लगानी निवारण गर्ने नीति अनुरुप काम कारवाहीहरु भए नभएका र सो सम्बन्धमा श्रृजित हुन सक्ने जोखिमहरुलाई नियन्त्रण गर्ने विषयहरुमा छलफल गरेको छ। समितिले बैंकको सम्पत्ति शुद्धीकरण निवारण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानीसंग सम्बन्धित समग्र अनुपालनको अवस्थाको विश्लेषण, बैंकमा रहेका सम्पूर्ण ग्राहकको सम्पत्ति शुद्धीकरणको जोखिम व्यवस्थापन प्रतिवेदनमा छलफल तथा विश्लेषण, सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी ऐन, नियमावली, नेपाल राष्ट्र बैंकद्वारा जारी निर्देशन, FATF Recommendations एवम् बैंकको आन्तरिक नीति नियमको परिपालना तथा कार्यान्वयन अवस्थाको बारेमा त्रैमासिक प्रतिवेदन तथा अनुपालनको क्रममा देखिएका कमी कमजोरीको उपयुक्त तरिकाले अनुगमन तथा समाधान गर्न आवश्यक सुधारहरुको विस्तृत विवरण सञ्चालक समितिमा पेश गरेको छ।

Financial Intelligence Unit (FIU) द्वारा जारी गरिएको संशोधित STR/SAR Guidelines को समीक्षा, आ.व. २०८१/८२ मा सम्पत्ति शुद्धीकरण, आतंकवादी कृयाकलाप तथा आम विनाशका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी निवारण सम्बन्धी बैंकले वर्षभरि गरेका काम कारवाही सहितको वार्षिक प्रतिवेदनको समीक्षा, सम्पत्ति शुद्धीकरण सम्बन्धी वार्षिक बजेट तथा कार्यक्रम पारित गरेको, सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कृयाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी नीति तथा कार्यविधि पुनरावलोकन र वार्षिक कार्यक्रमको कार्यान्वयनको अवस्था त्रैमासिक रुपमा समीक्षा गरी सञ्चालक समितिलाई जानकारी दिएको छ। साथै, Financial Intelligence Unit (FIU) द्वारा प्रकाशित रणनीतिक विश्लेषण प्रतिवेदन सम्बन्धी जानकारी सञ्चालक समितिलाई प्रदान गरेको छ। साथैं, सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कृयाकलाप सम्बन्धमा नेपाल राष्ट्र बैंकबाट गरिएको स्थलगत निरीक्षणको अन्तिम प्रतिवेदनमा औंल्याइएका कैफियतहरुको उपर छलफल तथा पूर्ण कार्यान्वयनको समिक्षा तथा सो सम्बन्धमा नीतिगत एवम् प्रक्रियागत सुधार गर्नुपर्ने पक्षहरुको छलफल गरि विस्तृत विवरण समेत सञ्चालक समितिमा पेश गरेको छ। सम्पति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी निवारण (NRB Directive 19) सम्बन्धी व्यवस्थाको बारेमा छलफल गरी AML/CFT सम्बन्धी कैफियतहरुको सम्बन्धमा नीतिगत एवम् प्रक्रियागत सुधार गर्नुपर्ने पक्षहरुको छलफल गरि विस्तृत विवरण समेत सञ्चालक समितिमा पेश गरेको छ।

२१. बैंकको कारोबारलाई असर पार्ने मुख्य कारकहरू

बैंकको कारोबारलाई असर पार्न सक्ने विभिन्न किसिमका कारकहरूलाई तल प्रस्तुत गरिएको छ :

१. देशको आर्थिक अवस्थामा आउने परिवर्तनबाट पर्न सक्ने असरहरु ।

२. राष्ट्रको आर्थिक, मौद्रिक तथा वित्तीय नीति परिवर्तनबाट हुन सक्ने संभावित जोखिमहरू ।

३. नेपाल सरकार र नेपाल राष्ट्र बैंकले वाणिज्य बैंक सम्बन्धी नीतिमा परिवर्तन गर्दा सिर्जना हुनसक्ने संभावित जोखिमहरू ।

४. विदेशी विनिमय कारोबार गर्दा विनिमयदरमा हुने परिवर्तनबाट हुन सक्ने जोखिमहरू ।

५. तरलतामा हुने उतार चढावका कारणले निक्षेप तथा कर्जा लगानीको ब्याजदरमा हुने परिवर्तन तथा लगानी योग्य तरलताको अभावबाट व्यवसाय बृद्धिमा आउन सक्ने जोखिमहरू तथा अत्यधिक तरलताका कारण व्यवसाय वृद्धिमा आउन सक्ने प्रतिस्पर्धाहरु ।

६. निक्षेप संकलन, लगानी, तथा कर्जा सापटीको दायरा साँघुरिएर उत्पन्न हुन सक्ने जोखिमहरू ।

७. यथा समयमा कर्जा असुली नभई उत्पन्न हुने जोखिमहरू ।

८. प्रतीतपत्र र जमानतपत्र जारी गर्ने जस्ता गैरकोषीय सेवाहरू प्रदान गर्दा हुन सक्ने संभावित जोखिमहरू ।

९. अन्तर्राष्ट्रिय बजारमा हुने मन्दीबाट नेपाली बजारमा पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक असरहरू ।

१०. पूँजीबजारमा आउन सक्ने उतारचढावबाट हुन सक्ने जोखिमहरू ।

११. वैकल्पिक लगानी क्षेत्रको अभाव ।

१२. विप्रेषण आप्रवाहमा आउन सक्ने उतार चढावबाट अर्थ व्यवस्थामा नकारात्मक प्रभाव परी सिर्जना हुनसक्ने जोखिमहरू ।

१३. तीब्र बैंकिङ्ग प्रतिस्पर्धाका कारण पर्न सक्ने असरहरू ।

१४. सम्पत्ति शुद्धीकरणलाई रोक्नका लागि देशमा केन्द्रीकृत तथ्यांकहरू तथा पर्याप्त प्रविधिहरूको अभावका कारण हुन सक्ने जोखिम ।

१५. आम्दानीको स्रोत साँघुरिएको बेला पूँजी सम्बन्धी मापदण्ड कायम गरी लगानीकर्तालाई निरन्तर उच्च प्रतिफल प्रदान गरिरहने सम्बन्धी चुनौती ।

१६. सूचना प्रविधिको विकास सँगै जोडिएका सञ्चालन जोखिम सम्बन्धी चुनौतीहरू ।

१७. डिजिटलीकरण बढेसँगै बैंकिङ्ग तथा वित्तीय कारोबारहरूमा साइबर आक्रमण, डेटा चोरी, र सिस्टम ह्याक हुने जोखिम ।

१८. जलवायु परिवर्तन र प्राकृतिक प्रकोपहरूबाट उत्पन्न हुने जोखिम ।

२२. लेखापरीक्षकको नियुक्ति

बैंकको आर्थिक वर्ष २०८२/८३ का हरहिसाबहरू लेखापरीक्षण गर्न १९औं वार्षिक साधारण सभाबाट नियुक्ति गरिएका श्री एम. आर. यु. एण्ड एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्सबाट लेखापरीक्षण सम्पन्न भयो । आर्थिक वर्ष २०८३/८४ को हरहिसाबहरू लेखापरीक्षण गर्नका लागि लेखापरीक्षण समितिको सिफारिस अनुसार लेखापरीक्षकको नियुक्त गरिने छ ।

२३. भावी कार्यक्रम तथा योजनाहरू

यस बैंकको भावी कार्यक्रम तथा योजनाहरू निम्नानुसार रहेका छन् :

१. निक्षेपको औसत ब्याजदरमा कमी ल्याउने किसिमले निक्षेपका नयाँ योजनाहरू तर्जुमा गरी कार्यान्वयन गर्ने र व्यक्तिगत निक्षेपकर्ताहरूको आधार वृद्धि गर्दै संस्थागत निक्षेपतर्फको निर्भरता कम गर्दै लैजाने ।

२. गैह्र कोषमा आधारित आम्दानी श्रृजना हुने कारोबारमा केन्द्रीत भई गैह्र कोषमा आधारित कारोबार वृद्धि गर्ने ।

३. कर्जाको गुणस्तर सुधार गर्ने र कर्जा विस्तार गर्दा कृषि, उर्जा, पर्यटन लगायत साना तथा घरेलु उद्योगतर्फ लगानी वृद्धि गर्ने ।

४. बैंकको आन्तरिक नियन्त्रण प्रणाली, जोखिम व्यवस्थापन, अनुपालना तथा सुशासनलाई अझ बढी सुदृढ गर्ने ।

५. विज्ञापन तथा व्यापार प्रवर्द्धन कार्यक्रमद्वारा बैंकले आफ्नो Brand विस्तार गरी व्यापार बढाउँदै जाने ।

६. संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत विभिन्न थप कार्यक्रमहरू सञ्चालन गर्ने र बैंकलाई समाजको जिम्मेवार संस्थाको रुपमा परिचित गराउँदै बैंकको Brand लाई थप सबल बनाउने ।

७. बैंकले व्यापारको लागि नयाँ क्षेत्रहरूको पहिचान गर्ने, विदेशी विनिमय बजार तथा ब्याजदर उतारचढावलाई अझ राम्रोसंग व्यवस्थापन गरी बैंकको नाफामा सकारात्मक असर पार्न बैंकले अनुसन्धान तथा विश्लेषण गरी तदनुरुप आवश्यक कार्ययोजना विकास गरी लागु गर्ने ।

८. कर्मचारीहरूको दक्षता अभिवृद्धिको लागि नियमित रुपमा तालिम दिई मानव संसाधनको विकास गर्ने ।

९. बैंकको संस्थागत सुशासनलाई थप प्रभावकारी बनाउँदै लाने ।

१०. बैंकको जोखिम व्यवस्थापनलाई थप सुदृढीकरण गर्दै लैजाने ।

११. बैंकले सहायक कम्पनीहरुको कारोबारको आकार वृद्धिका लागि विशेष ध्यान दिने ।

१२. उत्पादनमूलक क्षेत्रमा कर्जा लगानी वृद्धि गर्न विशेष ध्यान दिने ।

१३. आधुनिक प्रविधि तथा सफ्टवेयर प्रयोग गरी प्रत्यक्ष रुपमा ग्राहक बैंक समक्ष प्रस्तुत हुनु नपर्ने गरी बैंकिङ्ग सुविधा प्रदान गर्ने ।

१४. डिजिटल बैंकिङ्गको क्षेत्रमा विकसित नविनतम प्रविधिलाई यस क्षेत्रमा बढ्दो जोखिमको पक्षलाई समेत विचार गरी आवश्यकता अनुसार लागु गर्ने र बैंकको आन्तरिक प्रणाली लगायत सेवा सुविधालाई यथासम्भव डिजिटल माध्यममा परिणत गर्ने ।

१५. विजिनेस प्रोसेस म्यानेजमेन्ट (BPM) को प्रभावकारी कार्यान्वयन गर्नका साथै नियमित दोहोरिने कार्यहरुलाई मानव संसाधनको सहयोग बिना सफ्टवेयरका माध्यमबाट स्वचालित बनाउनका लागि Robotic Process Automation (RPA) प्रविधिको विकास गर्ने ।

१६. मानव संशाधनलाई प्रभावकारी व्यवस्थापन गर्नका लागि मानव संशाधन सूचना प्रणालीको विकास गर्ने ।

१७. ग्रामीण तथा पिछडिएका क्षेत्रहरूमा वित्तीय पहुँच विस्तार गर्ने उद्देश्यले मोबाइल बैंकिङ्ग सेवा लगायत डिजिटल बैकिङ्ग सेवाहरु प्रवर्द्धन गर्ने ।

१८. अन्तर्राष्ट्रिय बजारमा बैंकको पहुँच विस्तार गर्न विदेशी साझेदार बैंकहरूसँग सहकार्य गर्ने र अन्तर्राष्ट्रिय भुक्तानी प्रणालीहरूमा सहभागी हुने ।

१९. ग्राहक सन्तुष्टि मापन गर्न नियमित सर्भे गर्ने र सोको आधारमा सेवा गुणस्तरमा सुधार ल्याउने ।

२०. विद्यमान डिजिटल च्यानलहरू (मोबाइल एप, वेब पोर्टल, च्याटबट) लाई थप प्रयोगकर्ता मैत्री बनाउँदै सेवा विस्तार गर्ने ।

२१. डिजिटल बैंकिङ्ग तथा इकोसिस्टम सुदृढ गर्न विजिनेस प्रोसेस म्यानेजमेन्ट (BPM) प्रविधिको निरन्तर कार्यान्वयन गर्दै बैंकको कार्यदक्षता अभिवृद्धि गर्न तथा ग्राहक सेवामा सुधारका लागि Artificial Intelligence (AI) मा आधारित समाधानहरू आवश्यकता अनुसार अवलम्बन तथा कार्यान्वयन गर्ने ।

२२. वातावरणीय तथा सामाजिक जोखिम पहिचान, मूल्याङ्कन, न्यूनीकरण र अनुगमन प्रणाली सुदृढ गर्दै दिगो तथा जिम्मेवार वित्तीय अभ्यास र सकारात्मक प्रभाव पार्ने परियोजनालाई प्रोत्साहन गर्ने ।

२४. लेखापरीक्षण, वासलात र अन्य विवरण

२०८३ आषाढ मसान्तको बैंक तथा सहायक कम्पनीहरू समेतको आ.व. २०८२/८३ को एकीकृत वासलात, एकीकृत नाफा-नोक्सान हिसाब, एकीकृत नाफा नोक्सान बाँडफाँड हिसाब, एकीकृत नगद प्रवाह विवरण, सम्बन्धित अनुसूचीहरू र लेखापरीक्षकको प्रतिवेदन यसै प्रतिवेदनका अंगको रूपमा राखिएको छ ।

वितरण योग्य मुनाफा

आर्थिक वर्ष २०८२/८३ मा रु. २ अर्ब १९ करोड ९२ लाख ७४ हजार खुद नाफा भएकोमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ४४ बमोजिम खुद नाफाको २० प्रतिशत अर्थात रु. ४३ करोड ९८ लाख ५४ हजार साधारण जगेडा कोषमा छुट्

याइएको छ। यसै गरी सोही ऐनको दफा ४५ बमोजिम विदेशी मुद्राको विनिमय दरमा परिवर्तन भएको कारणबाट यस वर्ष नाफा भएकोमा सो नाफाको २५ प्रतिशत अर्थात रु. ५७ लाख १३ हजार सटही समीकरण कोषमा छुट्याइएको छ। यसको अतिरिक्त नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम यस आ.व. मा बैंकले आफ्नो खुद नाफाको १ प्रतिशत रकम रु. २ करोड १९ लाख ९२ हजार संस्थागत सामाजिक उत्तरदायित्व कोषमा छुट्याइएको छ भने गत वर्ष संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत खर्च गरे बराबरको रकम रु. ८७ लाख ४० हजार सोही कोषबाट वितरण योग्य मुनाफामा फिर्ता गरिएको छ। यसै गरी बैंकले नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्मचारी क्षमता अभिवृद्धि कोष अन्तर्गत चालु आर्थिक वर्षमा कर्मचारी तालिममा भएको खर्च गत आर्थिक वर्षको कुल तलव भत्ता खर्चको ३% भन्दा बढी रहेकोले यस आ.व. मा बैंकले रु. २४ लाख ४३ हजार कर्मचारी तालिम तथा कर्मचारी दक्षता अभिवृद्धि कोषबाट संचित मुनाफामा सारेको छ।

नियमनकारी कोषमा प्रोदभावी आधारमा ब्याज आम्दानी लेखाङ्कन गरिसकेको तर प्राप्त भइ नसकेको ब्याज रकममा आयकर, कर्मचारी बोनस तथा वैधानिक कोष कट्टा गरी बाँकी रहेको रकम जम्मा गर्नुपर्ने र उक्त ब्याज रकम प्राप्त हुन आएमा नियमनकारी कोषबाट सञ्चित मुनाफामा फिर्ता गर्न सकिनेमा बैंकले यस वर्ष रु. ५ करोड ६२ लाख ७८ हजार सञ्चित मुनाफाबाट नियमनकारी कोषमा विनियोजन गरेको छ। गैह्र बैंकिङ्ग सम्पत्तिको निमित्त जम्मा गरिएको नियमनकारी कोष रकममा समेत यस वर्षको समायोजन वापत रु. २९ करोड १० लाख ३० हजार नियमनकारी कोषमा विनियोजन गरिएको छ भने बिमाङ्किक लाभको निमित्त नियमनकारी कोषमा रु. २ करोड ८३ लाख ५७ हजार र स्थगन कर सम्पत्ति बापत रु. ३९ करोड ६५ लाख नियमनकारी कोषमा विनियोजन गरिएको छ। यसै गरी, नाफा नोक्सान मार्फत उचित मोलमा मापन गरिएका व्यापारीक सम्पत्तिको यस आ.व. मा Fair Value Loss भएकोले रु. ८५ लाख ४४ हजार नियमनकारी कोषबाट सञ्चित मुनाफामा फिर्ता गरिएको छ। साथै, पूँजीकृत ब्याज आम्दानीको निमित्त नियमनकारी कोषमा चालु आ.व. मा रु. १ करोड ७३ लाख विनियोजन गरिएको छ। इ. प्रा. निर्देशन नं. १६/०८२ को दफा ५ को उपदफा २ बमोजिम ऋणपत्र बापत भुक्तानी कोषमा जम्मा गर्नु पर्ने रकम बराबर बोनस शेयर जारी गरेमा सो आर्थिक वर्षमा भुक्तानी कोषमा रकम जम्मा गर्न अनिवार्य नहुने प्रावधान अनुसार आ.व. २०८२/८३ को मुनाफाबाट रु. ३७ करोड ५० लाख बराबर बोनस शेयर जारी गर्ने तथा यस वर्षको ऋणपत्र भुक्तानी कोषमा जम्मा गर्नु पर्ने रकमलाई आगामी आर्थिक वर्षहरुमा थप गरी समानुपातिक आधारमा उक्त कोषमा जम्मा गरिने हुनाले "१०% सिटिजन्स बैंक डिबेन्चर, २०९०" को लागि यस आ.व. २०८२/८३ मा ऋणपत्र भुक्तानी कोषमा रकम जम्मा गरिएको छैन र "१०.२५% सिटिजन्स बैंक बण्ड, २०८६" को लागि यस आ.व. २०८२/८३ मा ऋणपत्र भुक्तानी कोषमा रु. ३३ करोड ३३ लाख ३३ हजार विनियोजन गरिएको छ। बैंकले गत आर्थिक वर्षको सञ्चित नाफा रु. ९ लाख ४३ हजार र यस वर्षको अन्त्यमा कायम भएको वितरण योग्य मुनाफा रु. ६२ करोड ८६ लाख ३९ हजार समेत गरि कुल वितरण योग्य मुनाफा रु. ६२ करोड ९५ लाख ८३ हजार रकमबाट लाभांश वितरण गर्ने प्रस्ताव गरेको छ।

२५. **कम्पनी ऐन २०६३ को दफा १०९ उपदफा ४ अनुसारको अतिरिक्त विवरणहरूलाई यसै प्रतिवेदनको अंगको रुपमा अनुसूची "क" मा राखिएको छ।**

२६. **धितोपत्र दर्ता तथा निष्कासन नियमावली २०७३ को नियम २६ को उपनियम (२) सँग सम्बद्ध विवरण यसै प्रतिवेदनको अंगको रुपमा अनुसूची "ख" मा राखिएको छ।**

धन्यवाद ज्ञापन

यस बैंकको उद्देश्य प्राप्तिका लागि सहयोग पुऱ्याउनु हुने सम्पूर्ण शेयरधनी महानुभावहरू, ग्राहकवर्ग तथा नेपाल सरकारका सम्बद्ध निकाय लगायत नेपाल राष्ट्र बैंकप्रति सञ्चालक समितिको तर्फबाट म हार्दिक आभार प्रकट गर्दछु। बैंकको उत्तरोत्तर उन्नति र प्रगतिमा पुऱ्याउनु भएको योगदानका लागि प्रमुख कार्यकारी अधिकृत लगायत बैंकका सम्पूर्ण अधिकृत तथा कर्मचारीहरू र अन्य सहयोगीहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु। साथै, बैंकका गतिविधिहरूलाई सकारात्मक रूपमा जनसमक्ष पुऱ्याइदिने सञ्चारजगत र प्रत्यक्ष अप्रत्यक्ष रूपमा बैंकलाई सहयोग पुऱ्याउने सम्पूर्ण शुभेच्छुकहरू प्रति पनि म हार्दिक आभार व्यक्त गर्दछु।

सञ्चालक समितिको तर्फबाट
प्रबल जंग पाण्डे
अध्यक्ष

अनुसूची "क"

कम्पनी ऐन २०६३ को दफा १०९ उपदफा ४ अनुसारको अतिरिक्त विवरण

(क) विगत वर्षको कारोबारको सिंहावलोकन,

सञ्चालक समितिको वार्षिक प्रतिवेदनमा उल्लेख गरिएको छ।

(ख) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिबाट बैंकको कारोबारलाई कुनै असर परेको भए सो असर,

विदेशी विनिमय कारोबार गर्दा विनिमयदरमा हुने परिवर्तनबाट हुन सक्ने जोखिमहरू, भू-राजनीतिक तनाव र इन्धन आपूर्ति प्रणालीमा देखिएका अवरोधहरु र अन्तर्राष्ट्रिय बजारमा हुने मन्दीबाट नेपाली बजारमा पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरू।

नेपाली रुपैयाँको विदेशी मुद्राको तुलनामा भइरहेको अवमूल्यनले देशको आयातको लागत महङ्गो पर्न गई मुद्रास्फीतिमा चाप पर्न जाने र औद्योगिक वस्तुको उत्पादन लागतमा समेत वृद्धि भई स्थानिय उत्पादनको प्रतिस्पर्धि क्षमतामा ह्रास आउने देखिन्छ। यसबाट नेपाल जस्ता विकासशिल देशको मुद्राको अवमुल्यन हुन गई वस्तु तथा सेवाको आयातको लागत बढ्न गएको छ भने नेपाली बैंकिङ्ग प्रणालीमा देखिएको अत्याधिक तरलताका बावजुद कर्जाको माग अपेक्षाकृत नहुनु तर प्रतिस्पर्धात्मक बजारका कारण कर्जा तथा व्याजदर अन्तर कायम राख्न चुनौतीपूर्ण रहेको छ।

(ग) प्रतिवेदन तयार भएको मितिसम्म चालू वर्षको उपलब्धि र भविष्यमा गर्नु पर्ने कुराको सम्बन्धमा सञ्चालक समितिको धारणा,

चालु आर्थिक वर्षको प्रतिवेदन मिति २०८३ भाद्र ३० सम्म बैंकको निक्षेप रु. ३ अर्ब ४७ करोडले वृद्धि भई कुल निक्षेप रु.२ खर्ब ३७ अर्ब २९ करोड परिचालन गरेको छ भने कर्जा तथा सापटी तर्फ रु. १ अर्ब ८२ करोडले वृद्धि भई कुल रु. १ खर्ब ७९ अर्ब १५ करोड पुगेको छ।

यस बैंकको भावी कार्यक्रम तथा योजनाहरु सञ्चालक समितिको वार्षिक प्रतिवेदनमा उल्लेख गरिएको छ।

(घ) बैंकको औद्योगिक वा व्यावसायिक सम्बन्ध,

बैंकको औद्योगिक एवम् व्यवसायिक सम्बन्ध भएका सबै सरोकारवालाहरुसँग सुमधुर व्यवसायिक सम्बन्ध कायम रहेको छ। भावी दिनहरुमा अझ बढी सुमधुर व्यवसायिक सम्बन्ध बिस्तार गर्दै लगिने छ।

(ङ) सञ्चालक समितिमा भएको हेरफेर र सोको कारण,

१५औँ वार्षिक साधारण सभाबाट सर्वसाधारण शेयरधनी समूह "ख"को तर्फबाट सञ्चालक पदमा पुनःनिर्वाचित हुनुभएको श्री विजय ध्वज कार्कीको कार्यकाल मिति २०८३ आषाढ २ गते समाप्त भएको छ। साथै, मिति २०८३ आषाढ ३ गते सम्पन्न भएको आठौं विशेष साधारण सभाबाट समूह 'क' का संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालक श्री अनिल कुमार ज्ञवाली बाँकी कार्यकालको लागि निर्वाचित हुनुभएको छ र समूह 'ख' सर्वसाधारण समूहको शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालक पदको लागि श्रीमती हिमा देवी खड्का के.सी. बाँकी कार्यकालको लागि, श्री प्रकाश चन्द्र मैनाली पुरा कार्यकालको लागि र डा. राजेन्द्र पण्डित पुरा कार्यकालको लागि निर्वाचित हुनुभएको छ।

(च) कारोबारलाई असर पार्ने मुख्य कुराहरू,

१. विभिन्न कारणले बढेको मुद्रास्फीतिका कारण।

२. राष्ट्रको आर्थिक, मौद्रिक तथा वित्तीय नीति परिवर्तनबाट हुन सक्ने संभावित जोखिमहरू।

३. नेपाल सरकार र नेपाल राष्ट्र बैंकले वाणिज्य बैंक सम्बन्धी नीतिमा परिवर्तन गर्दा सिर्जना हुनसक्ने सम्भावित जोखिमहरू।

४. विदेशी विनिमय कारोबार गर्दा विनिमयदरमा हुने परिवर्तनबाट हुन सक्ने जोखिमहरू।

५. तरलतामा हुने उतार चढावका कारणले निक्षेप तथा कर्जा लगानीको ब्याजदरमा हुने परिवर्तन तथा लगानी योग्य तरलताको अभावबाट व्यवसाय वृद्धिमा आउन सक्ने चुनौती तथा जोखिमहरू तथा अत्यधिक तरलताका कारण व्यवसाय वृद्धिमा आउन सक्ने प्रतिस्पर्धाहरु।

६. निक्षेप संकलन, लगानी, तथा कर्जा सापटीको दायरा साँघुरिएर उत्पन्न हुन सक्ने जोखिमहरू।

७. यथा समयमा कर्जा असुली नभई उत्पन्न हुन सक्ने जोखिमहरू।

८. प्रतीतपत्र र जमानतपत्र जारी गर्ने जस्ता गैह्रकोषीय सेवाहरू प्रदान गर्दा हुन सक्ने सम्भावित जोखिमहरू।

९. अन्तर्राष्ट्रिय बजारमा हुने मन्दीबाट नेपाली बजारमा पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरू।

१०. पूँजीबजारमा आउन सक्ने उतारचढावबाट हुन सक्ने जोखिमहरू।

११. वैकल्पिक लगानी क्षेत्रको अभाव।

१२. विप्रेषण आयमा आउन सक्ने उतार चढावबाट अर्थ व्यवस्थामा नकारात्मक प्रभाव परी सिर्जना हुनसक्ने जोखिमहरू।

१३. तीब्र बैंकिङ्ग प्रतिस्पर्धाका कारण पर्न सक्ने असरहरू।

१४. सम्पत्ति शुद्धीकरणलाई रोक्नका लागि देशमा केन्द्रीकृत तथ्याङ्कहरू तथा पर्याप्त प्रविधिहरूको अभावका कारण हुन सक्ने जोखिम।

१५. आम्दानीको स्रोत साँघुरिएको बेला लगानीकर्तालाई निरन्तर उच्च प्रतिफल प्रदान गरिरहने सम्बन्धी चुनौती।

१६. सूचना प्रविधिको विकास सँगै जोडिएका सञ्चालन जोखिम सम्बन्धी चुनौतीहरू।

१७. डिजिटलीकरण बढेसँगै बैंकिङ्ग तथा वित्तीय कारोबारहरूमा साइबर आक्रमण, डेटा चोरी, र सिस्टम ह्याक हुने जोखिम।

१८. जलवायु परिवर्तन र प्राकृतिक प्रकोपहरूबाट उत्पन्न हुने जोखिम।

(छ) लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भएको भए सो उपर सञ्चालक समितिको प्रतिकृया,

सारभुत कैफियत नरहेको।

(ज) लाभांश बाँडफाँड गर्न सिफारिस गरिएको रकम,

गत वर्षको संचित मुनाफा तथा आ.व. २०८२/८३ को वितरण योग्य मुनाफाबाट २०८३ आषाढ मसान्तको चुक्ता पूँजीमा ३.८ प्रतिशतले हुने रु. ५८९,२८३,६१७.३४ बोनस शेयर र कर प्रयोजनार्थ ०.२० प्रतिशतले हुने रु. ३१,०१४,९२७.२३ नगद लाभांश दिने प्रस्ताव गरिएको छ।

(झ) शेयर जफत भएको भए जफत भएको शेयर संख्या, त्यस्तो शेयरको अङ्कित मूल्य, त्यस्तो शेयर जफत हुनुभन्दा अगावै सो बापत बैंकले प्राप्त गरेको जम्मा रकम र त्यस्तो शेयर जफत भएपछि सो शेयर बिक्री गरी बैंकले प्राप्त गरेको रकम तथा जफत भएको शेयर बापत रकम फिर्ता गरेको भए सोको विवरण,

बैंकले गत वर्ष कुनै पनि शेयर जफत गरेको छैन।

(ञ) **विगत आर्थिक वर्षमा बैंक र यसको सहायक कम्पनीको कारोबारको प्रगति र सो आर्थिक वर्षको अन्तमा रहेको स्थितिको पुनरावलोकन,**

बैक तथा बैंकको सहायक कम्पनीको रुपमा स्थापित सिटिजन्स क्यापिटल लिमिटेड र सिटिजन्स शेयर ब्रोकर लिमिटेड समेतको कारोबारको प्रगति र सो आर्थिक वर्षान्तमा रहेको स्थिति संलग्न एकीकृत वासलात, एकीकृत नाफा नोक्सान हिसाब र एकीकृत नगद प्रवाह विवरणले यथार्थ चित्रण गरेको छ। सञ्चालक समितिको आर्थिक वर्ष २०८२/८३ को प्रतिवेदनमा बैंक र सहायक कम्पनीहरुको कार्यसम्पादन समीक्षा समावेश गरिएको छ।

(ट) **बैंक तथा त्यसको सहायक कम्पनीले आर्थिक वर्षमा सम्पन्न गरेको प्रमुख कारोबारहरु र सो अवधिमा बैंकको कारोबारमा आएको कुनै महत्वपूर्ण परिवर्तन,**

यस बैंकको आर्थिक वर्ष २०८२/८३ मा रु. ११ करोड ७२ लाख ४ हजार २ सय लगानी रहेको सहायक कम्पनी सिटिजन्स क्यापिटल लिमिटेड र रु. २० करोड लगानी रहेको सहायक कम्पनी सिटिजन्स शेयर ब्रोकर लिमिटेडले आर्थिक वर्षमा सम्पन्न गरेको प्रमुख कारोबारहरु र कारोबारहरुमा आएको परिवर्तन संलग्न एकीकृत वासलात, एकीकृत नाफा नोक्सान हिसाव, एकीकृत नगद प्रवाह विवरण तथा लेखा सम्बन्धी विवरणहरुले प्रष्ट पारेका छन्।

(ठ) **विगत आर्थिक वर्षमा बैंकको आधारभूत शेयरधनीहरुले बैंकलाई उपलब्ध गराएको जानकारी,**

यस्तो कुनै जानकारी प्राप्त भएको छैन।

(ड) **विगत आर्थिक वर्षमा बैंकका सञ्चालक तथा पदाधिकारीहरुले लिएको शेयरको स्वामित्वको विवरण र बैंकको शेयर कारोबारमा निजहरु संलग्न रहेको भए सो सम्बन्धमा निजहरुबाट बैंकले प्राप्त गरेको जानकारी**

क्र.सं.	पद	नाम	शेयर समुह	जम्मा कित्ता
१	अध्यक्ष	श्री प्रबल जंग पाण्डे	संस्थापक	१,४८५,२२४.४७ (संस्थापक)
२	सञ्चालक	श्री प्रकाश चन्द्र मैनाली	सर्वसाधारण	१,०६०.१२ (साधारण)
३	सञ्चालक	श्री दिग्विजय विष्ट	संस्थापक	२,०१६,७७४.८१ (संस्थापक) १,२०१.२० (साधारण)
४	सञ्चालक	श्री अनिल ज्ञवाली (प्रतिनिधि सिटी एक्सप्रेस इन्भेस्टमेन्ट फण्ड प्रा.लि.)	संस्थापक	६१,७८६.४६ (संस्थापक)
५	स्वतन्त्र सञ्चालक	डा. बिनोद आत्रेय	स्वतन्त्र सञ्चालक	-
६	सञ्चालक	डा. राजेन्द्र पण्डित	सर्वसाधारण	१,९२१.७५(साधारण)
७	सञ्चालक	श्रीमती हिमा देवी खड्का के.सी.	सर्वसाधारण	२,०५० (साधारण)

बैंकका सञ्चालक तथा पदाधिकारीहरु बैंकको शेयर कारोबारमा संलग्न भएको जानकारी प्राप्त भएको छैन।

(ढ) **विगत आर्थिक वर्षमा बैंकसँग सम्बन्धित सम्झौताहरुमा कुनै सञ्चालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थको बारेमा उपलब्ध गराइएको जानकारीको व्यहोरा,**

यस्तो कुनै जानकारी बैंकलाई प्राप्त भएको छैन।

ण) **बैंकले आफ्नो शेयर आफैले खरिद गरेको भए त्यसरी आफ्नो शेयर खरिद गर्नुको कारण, त्यस्तो शेयरको संख्या र अङ्कित मूल्य तथा त्यसरी शेयर खरिद गरे बापत बैंकले भुक्तानी गरेको रकम,**

बैंकले आफ्नो शेयर आफैले खरिद गरेको छैन।

(त) आन्तरिक नियन्त्रण प्रणाली भए वा नभएको र भएको भए सो को विस्तृत विवरण,

बैंकले आन्तरिक नियन्त्रण प्रणाली अन्तर्गत देहाय बमोजिमको व्यवस्था गरेको छ :

(क) सञ्चालन प्रक्रिया तर्फ आर्थिक विनियमावली, कर्मचारी विनियमावली, कर्जा अपलेखन विनियमावली, कर्जा नीति, निर्देशिका तथा आवश्यक कार्य विधिहरू तयार गरी प्रचलनमा ल्याएको छ।

(ख) स्वतन्त्र आन्तरिक लेखापरीक्षण विभाग गठन गरिएको छ।

(ग) लेखापरीक्षण समितिले आन्तरिक नियन्त्रण प्रक्रियाको नियमित अनुगमन गर्ने गरेको छ।

(घ) संस्थागत सुशासनको लागि हर सम्भव निरन्तर प्रयत्नहरु जारी राखेको छ।

(ङ) जोखिम न्यूनिकरणको लागि व्यवसायमा प्रत्यक्ष संलग्न नहुने गरी जोखिम व्यवस्थापन विभाग रहेको छ।

(च) सञ्चालन तथा AML/CFT जोखिम न्यूनिकरणको निमित्त जोखिम व्यवस्थापन समिति तथा AML/CFT समितिलाई उत्तरदायि हुने गरी AML/CFT अनुपालना विभाग गठन गरिएको छ।

(थ) विगत आर्थिक वर्षको कुल व्यवस्थापन खर्चको विवरण,

क्र.सं.	शीर्षक	रकम रु
१	कर्मचारी खर्च	२,४६०,३४०,२५६।-
२	कार्यालय सञ्चालन खर्च	१,४७३,००७,७११।-

(द) लेखापरीक्षण समितिका सदस्यहरुको नामावली, निजहरुले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुविधा, सो समितिले गरेको काम कारबाहीको विवरण र सो समितिले कुनै सुझाव दिएको भए सो को विवरण,

(१) <u>लेखापरीक्षण समिति</u>

सञ्चालक श्री अनिल ज्ञवाली	संयोजक
सञ्चालक श्री प्रकाश चन्द्र मैनाली	सदस्य
प्रमुख आन्तरिक लेखापरीक्षण विभाग श्री आशिष कोइराला	सदस्य सचिव

(२) लेखापरीक्षण समितिका सदस्यलाई बैठक भत्ता बाहेक अन्य कुनै पारिश्रमिक/सुविधा प्रदान गर्ने गरिएको छैन।

(३) आ.व. २०८२/८३ मा आठ (८) पटक लेखापरीक्षण समितिको बैठक बसेको थियो।

(४) समितिले प्रचलित कानून बमोजिम बैंकको समग्र वित्तीय अवस्था, आन्तरिक नियन्त्रण प्रणाली, लेखापरीक्षण योजना र आन्तरिक लेखापरीक्षक तथा बाह्य लेखापरीक्षकले पेश गरेको लेखापरीक्षण प्रतिवेदनमा औँल्याइएका बुँदा/कैफियतहरु उपर समीक्षा गरी सुधारात्मक कदम चाल्न व्यवस्थापनलाई निर्देशन दिने, नेपाल राष्ट्र बैंकबाट निरीक्षण तथा सुपरिवेक्षण गरी प्रतिवेदनमा औँल्याइएका बुँदा/कैफियतहरूको कार्यान्वयन भए/नभएको सम्बन्धमा समीक्षा गर्ने तथा ती विषयहरुको अभिलेख गरी सञ्चालक समितिलाई जानकारी गराउने, बैंकको वार्षिक वित्तीय विवरणलाई सही र यथार्थपरक बनाउन व्यवस्थापनलाई सहयोग गर्ने, बैंकको काम कारवाहीमा नियमितता, मितव्ययिता, औचित्यता, प्रभावकारिता जस्ता कुराहरु अवलम्बन भए/नभएको बारे समीक्षा गरी सञ्चालक समितिलाई आवश्यक सुझाव दिने, बैंकको त्रैमासिक वित्तीय विवरणको समीक्षा गरी सञ्चालक समिति समक्ष प्रतिवेदन पेश गर्ने कार्यहरु समितिले सम्पन्न गरेको छ।

(ध) **सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख, बैंकका आधारभूत शेयरधनी वा निजको नजिकका नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनी वा संगठित संस्थाले बैंकलाई कुनै रकम बुझाउन बाँकी भए सो कुरा,**

नभएको ।

(न) **सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख तथा पदाधिकारीहरुलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम,**

क.सं	विवरण	सञ्चालक रु.	प्रमुख कार्यकारी अधिकृत रु.	अन्य कार्यकारी पदाधिकारी रु.
१	बैठक भत्ता	२,६३१,०००*	-	-
२	पारिश्रमीक तथा भत्ता			
	क. तलब	-	८,४००,०००	२२,०६७,२३३
	ख. भत्ता	-	५,४००,०००	१६,७७१,४३२
	ग. दशैं भत्ता	-	१,१५०,०००	३,३३०,३६०
	घ. संचयकोष योगदान	-	८४०,०००	२,२०६,७२३
	ङ. विदा वापतको भुक्तानी	-	७००,०००	४,७२०,३२८
	च. अन्य	-	४२,०००	६६९,५३५
३	बोनस तथा कल्याणकारी कोषबाट प्राप्त	-	२,४९०,८५१	६,०७७,९४८
	कुल पारिश्रमीक तथा भत्ता		१९,०२२,८५१	**५५,८४३,५६०**
	(-) **आयकर कट्टि**		६,६९३,०४८	१२,८९६,४१६
	खुद पारिश्रमिक तथा भत्ता		१२,३२९,८०३	४२,९४७,१४४
४.	टेलिफोन/मोबाइल	१,०२०,२५०	बैकसँग भएको करार अनुसार	कर्मचारी सेवा विनियमावली अनुसार
५.	इन्धन			
६.	पत्रपत्रिका			
७.	सवारी साधन सुविधा	छैन	छ	छ
८.	आवास सुविधा	छैन	बैकसँग भएको करार अनुसार आवास कर्जा प्रदान गरिएको छ।	कर्मचारी सेवा विनियमावली अनुसार आवास कर्जा प्रदान गरिएको छ।
९.	बीमा	छैन	छ	छ

*उपरोक्त रकममा विभिन्न उपसमितिको बैठक भत्ता रु. ६३०,०००।- समेत समावेश भएको छ।

टिप्पणी:

(क) प्रमुख कार्यकारी अधिकृतलाई चालक, इन्धन र मर्मतसंभार सहित सवारी साधनको व्यवस्था गरिएको छ र कार्य सम्पादनमा आधारित पारिश्रमिक प्रदान गरिएको छैन । त्यसै गरि प्रमुख कार्यकारी अधिकृत, नायव प्रमुख कार्यकारी अधिकृत र अन्य कार्यकारी तहका कर्मचारीहरुलाई नियमानुसार इन्धन सहित सवारी साधन सुविधा उपलब्ध गराइएको छ।

(ख) प्रमुख कार्यकारी अधिकृत लगायत बैंकका सम्पूर्ण कर्मचारीहरूलाई बैंकको कर्मचारी विनियमावली अनुसार दुर्घटना बीमा, औषधोपचार बीमाको व्यवस्था गरिएको छ। साथै निजका आश्रित परिवारका लागि समेत औषधोपचार बीमा गरिएको छ।

(ग) प्रमुख कार्यकारी अधिकृत लगायत कार्यकारी तहका सम्पूर्ण अधिकृतहरूलाई बैंकको कर्मचारी सेवा विनियमावली अनुसार मोबाईल फोन वापतको खर्च तथा अन्य सुविधा प्रदान गरिएको छ।

(घ) बैंकको अध्यक्षलाई कार्यालय प्रयोजनको लागि सवारी साधन सुविधा प्रदान गरिएको छ।

(प) शेयरधनीहरुले बुझिलिन बाँकी रहेको लाभांशको रकम,

२०८३ आषाढ मसान्त सम्ममा लाभांश घोषणा गरिएको तर शेयरधनीहरुले लिन बाँकी रहेको लाभांश रकमको विवरण निम्न बमोजिम रहेको छ :

क्र.सं.	आर्थिक वर्ष	रकम रु
१	आर्थिक वर्ष ०६५/०६६ को	२५६,०८०
२	आर्थिक वर्ष ०६६/०६७ को	५०१,२४८
३	आर्थिक वर्ष ०६७/०६८ को	६९७,७४३
४	आर्थिक वर्ष ०६८/०६९ को	१,६३६,२७३
५	आर्थिक वर्ष ०६९/०७० को	२,२९०,०४०
६	आर्थिक वर्ष ०७०/०७१ को	२,७५७,३१८
७	आर्थिक वर्ष ०७१/०७२ को	१,२३८,०३७
८	आर्थिक वर्ष ०७७/०७८ को	१४,४४३,७८८
९	आर्थिक वर्ष ०७८/०७९ को	५०,४१४,६५६
१०	आर्थिक वर्ष ०७९/०८० को	३६,०१९,४५४
११	आर्थिक वर्ष ०६६/०६७ (साविकको नेपाल हाउजिङ्ग एण्ड मर्चेन्ट फाईनान्स लि.) को	१४९,३४०
१२	आर्थिक वर्ष ०६७/०६८ (साविकको नेपाल हाउजिङ्ग एण्ड मर्चेन्ट फाईनान्स लि.) को	३१,३२४
१३	आर्थिक वर्ष ०६०/०६१ र ०६१/०६२ (साविकको पिपल्स फाइनान्स लि.) को	१२,४७०
१४	आर्थिक वर्ष ०६६/०६७ (साविकको पिपल्स फाइनान्स लि.) को	१९,२३६
१५	आर्थिक वर्ष ०६३/०६४ (साविकककको प्रिमियर फाईनान्स लि.) को	६७,१२०
१६	आर्थिक वर्ष ०६६/०६७ (साविकककको प्रिमियर फाईनान्स लि.) को	७४२,६९३
१७	साविकको सहयोगी विकास बैंक लि.को	८३४

(फ) दफा १४१ बमोजिम सम्पत्ति खरिद वा बिक्री गरेको कुराको विवरण,

नभएको।

(ब) दफा १७५ बमोजिम सम्बद्ध कम्पनीबीच भएको कारोबारको विवरण,

सम्बद्ध कम्पनी बीच भएको कारोवारको विवरण बैंकको वार्षिक वित्तीय विवरणको लेखा सम्बन्धी टिप्पणीहरु अन्तर्गतको बुँदा नं. ५.७ मा उल्लेख गरिएका छन्।

(भ) यस ऐन तथा प्रचलित कानूनबमोजिम सञ्चालक समितिको प्रतिवेदनमा खुलाउनु पर्ने अन्य कुनै कुरा,

नभएको।

(म) अन्य आवश्यक कुराहरु।

नभएको।

अनुसूची "ख"

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम २६ को उपनियम (२) सँग सम्बन्धी विवरण

१. सञ्चालक समितिको प्रतिवेदन

वार्षिक प्रतिवेदन अन्तर्गत छुट्टै प्रतिवेदनको रुपमा राखिएको ।

२. लेखापरीक्षकको प्रतिवेदन

वार्षिक प्रतिवेदन अन्तर्गत छुट्टै प्रतिवेदनको रुपमा राखिएको ।

३. लेखापरीक्षण भएको वित्तीय विवरण

वार्षिक प्रतिवेदन अन्तर्गत छुट्टै विवरण राखिएको ।

४. कानुनी कारवाही सम्बन्धी विवरण

(क) **यस अवधिमा बैंकले वा बैंकको विरुद्ध कुनै मुद्दा दायर भए नभएको :**

यस अवधिमा बैंकको तर्फबाट ५३ थान मुद्दा दायर भएको तथा बैंकको विरुद्धमा १३४ थान मुद्दा दायर भएको छ ।

(ख) **बैंकको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै किसिमको मुद्दा दायर भए नभएको :**

यस सम्बन्धमा कुनै जानकारी प्राप्त नभएको ।

(ग) **कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भए नभएको :**

यस सम्बन्धमा कुनै जानकारी प्राप्त नभएको ।

५. संगठित संस्थाको शेयर कारोबार तथा प्रगतिको विश्लेषण

(क) **धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोवार सम्बन्धमा व्यवस्थापनको धारणा:**

देशको धितोपत्र बजारमा संगठित संस्थाहरुको शेयर कारोबारमा देखिएको उच्च उतार चढावका बाबजुद यस बैंकको शेयर कारोबारमा गत वर्षको तुलनामा केहि वृद्धि देखिएको छ ।

(ख) **गत वर्षको प्रत्येक त्रैमासिक अवधिमा संगठित संस्थाको शेयरको अधिकतम, न्यूनतम र अन्तिम मूल्य साथै कुल कारोबार शेयर संख्या र कारोबार दिन:**

गत वर्षको प्रत्येक त्रैमासिक अवधिमा संगठित संस्थाको शेयरको अधिकतम, न्यूनतम र अन्तिम मूल्य साथै कुल कारोबार शेयर संख्या र कारोबार दिनको विवरण देहाय बमोजिम रहेको छ :

विवरण	२०८२ आश्विन मसान्त	२०८२ पौष मसान्त	२०८२ चैत्र मसान्त	२०८३ आषाढ मसान्त
अधिकतम मूल्य (रु.)	२४०.१०	२१२.८०	२३८.६०	२१९.३०
न्यूनतम मूल्य (रु.)	१९६.००	१८३.००	१८५.००	१८६.००
अन्तिम मूल्य (रु.)	२०२.००	१९३.००	२१०.२०	१९६.९०
कुल कारोबार शेयर संख्या	४,७२१,२८९	२,५२०,९५७	६,११३,५५३	२,८९६,६०३
कुल कारोबार दिन	५१	५५	५३	६४

६. समस्या तथा चुनौती

(क) आन्तरिक समस्या तथा चुनौती

बैंकको संचालन खर्च वृद्धि हुँदै जानु, नियामकिय आधार दर तथा प्रिमियम मापदण्डमा रहेर ब्याजदर अन्तर बढाई खुद ब्याज आम्दानी बढाउने, आय विविधिकरण, कर्जाको गुणस्तर अभिबृद्धि र निष्कृय कर्जाको व्यवस्थापन, नियमनकारी समायोजनले गर्दा वितरणयोग्य मुनाफामा आएको कमी, उपयुक्त लगानीका क्षेत्र पहिचान, संचालन जोखिम व्यवस्थापन र सूचना प्रविधिमा हुने अन्तरनीहित जोखिमहरुको पहिचान र व्यवस्थापन जस्ता आन्तरिक समस्या तथा चुनौती रहेको विद्यमान परिप्रेक्ष्यमा दीर्घकालिन रुपमा बैंकका समग्र सूचकहरुलाई सुधार गर्दै जाने कार्य चुनौतीपूर्ण रहेको छ।

(ख) बाह्य समस्या तथा चुनौती

बढ्दो क्रममा रहेको निष्कृय कर्जा तथा कर्जा नोक्सानी व्यवस्था र त्यस्ता निष्कृय कर्जा असुलीमा देखिएका कानूनि र प्रक्रियागत जटिलताका कारण निष्कृय कर्जा व्यवस्थापन ज्यादै नै चुनौतीपूर्ण रहेको छ। यस्ता चुनौतीहरु रहेको अवस्थामा बैंकिङ्ग क्षेत्रमा सहज तरलता बाबजुद बजारमा कर्जाको माग अपेक्षाकृत नबढ्नु, तीव्र प्रतिस्पर्धा हुनु, बैंकिङ्ग क्षेत्रबाट दक्ष जनशक्तिको पलायन, सूचना प्रविधिका क्षेत्रमा देखा परेका नयाँ किसिमका चुनौतीहरु, घर जग्गा कारोबारमा आएको सिथिलता, कर्जा असुलीका कानुनी तथा सामाजिक जटिलता लगाायत प्रमुख बाह्य समस्या हुन्। यस्ता समस्या विद्यमान रहेको अवस्थामा बैंकको कारोबार दिगो रुपमा विस्तार गरी सम्पत्तिको गुणस्तर कायम राखि लगानीकर्तालाई उचित प्रतिफल दिने कार्य चुनौतीपूर्ण रहेको छ।

(ग) रणनीति

